CC-0. Digitized by eGangotri and MIDF- Delhi

22

नेपाल



सम्पादक तथा प्रकाशकः—
त्रिभुवन विश्वविद्यालय सांस्कृतिक परिषद्

२०२० चैत्र ३० गते दीक्षान्त समारोह

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(22)

नेपालको राष्ट्रिय झण्डा

—ले० सुन्दर प्रसाद शाह

नेपाल अधिराज्यको राष्ट्रिय झण्डा ऋग्वैदिककालदेखि आज पर्यन्त र भविष्यमा पनि सृष्टिरहेसम्म सदा स्थीर रहने विश्वको जेठो झण्डा हो। धर्म संस्थानको आदिम काल, जसको दोस्रो नाम ऋग्वैदिक काल पनि हो। त्यसकालदेखि शृंखलाबद्ध तथा क्रमिकस्थिरता र स्थायित्वको साथ आजसम्म उही टंकारमा आएको यो शशी र आदिदेव अंकित झण्डा संपूर्ण आर्य (सभ्य) धर्मालम्बीहरूको श्रद्धाका झण्डा हो भन्ने,निश्चयबाट पनि संपूर्ण नेपालीलाई आत्मबल प्राप्त भएको छ। किरातकाल र लिच्छवी कालमा पनि चन्द्र सूर्य अङ्कित कलाकौशल र सभ्यताको राष्ट्रिय चिन्हहरू पर्याप्त मात्रामा पाइन्छ। मल्ल कालको राष्ट्रिय झण्डा पनि यही झण्डा हो। मल्ल राजाहरू सूर्यवंशी भएबाट सूर्यमाथि र चन्द्र तल रहेको मात्र पाइन्छ। वैदिक धारणानुसार सोम सूर्यभन्दा पनि माथि अन्तरिक्षमा विद्यमान छ भन्ने उल्लेख छ। ब्रह्माण्डहरूमा सूर्य र सोम धेरै छन् भन्ने कुरा खगोल वैज्ञानिकहरूले अन्वेषणद्वारा पत्ता लगाइसकेका छन्। सूर्यको तेज र न्यानो शक्तिलाई खर्च हुनुबाट सदा बचाई सन्तुलन ल्याउनको लागि उही अमृतरूपी सोमले कामगरी रहन्छ भन्ने कुराको धार्मिक धारणा हामीमा विद्यमान छ। पुनश्च राजकार्यमा उँचो चन्द्रको उपयोगिता मानिने हुँदा ज्योति—शास्त्रबाट पनि यसलाई पुष्टि दिन्छ।

लाली गुरांसको रङ्गले ओतप्रोत भई संपूर्ण प्राण दिएको दुई जोडा त्रिकोण चन्द्र र सूर्यले सुशोभित भएको झण्डा हाम्रो प्राणभन्दा पनि प्यारो झण्डा हो। यसको महत्व हामीहरूमा अन्योन्याश्रित धार्मिक तथा सांस्कृतिक सब किसिमको छ। हिन्दू संस्कृति र धर्मसंग यो तन्मय भएको हुँदा यसको परम्परागत मर्यादा हिन्दूहरूको हृदयमा हुनु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वभाविक कुरा हो । यस उसले यस झण्डालाई प्राणी मात्रको अत्यन्त आवश्यक प्रकृतिको मुहान अंङ्कित भएको तथा हिन्दू सनातन धर्म अनुप्राणित सनातन झण्डा या ध्वज भन्न सकिन्छ ! मानिसलाई सदा सँस्कृतिले बांधिरहेको हुन्छ औ संस्कृतिबाट अलग भएर प्राणी शान्तिसंग बस्न सक्तैन । संस्कृतिको ठीक धारण र प्रयोग पनि धर्म हो धर्म र संस्कृतिलाई छाड़ेर बाहिर गएमा परमुखापेक्षी तीतो अनुभवको यातना सही अन्त्यसम्म नराम्रोसंग पछुताउनु पर्छ भन्ने तथ्यलाई हाम्रो राष्ट्रिय झण्डाले संकेत गरिरहेबाट पनि नेपालीको शान सदा धवल र उज्वल हुनगई रहेको हो । जुन बखत नेपालीले आफ्नो बहादुरी विश्वमा चम्काए र सदैव सो बहादुरीलाई अजर अमर राखे त्यो पनि राष्ट्रिय झण्डाद्वारा प्राप्त भएको संस्कारबाट हो भन्न सकिन्छ । १८ शताब्दमा पश्चिमतिरबाट आएको भयङ्कर साम्राज्यवाद तथा उपनिवेशवादका हुरीबाट भारतवर्षको कला, संस्कृति र धर्मलाई लोप गर्न अग्रसर भइरहेको अवस्थामा हिन्दू संस्कृति र धर्म नेपालमा विशुद्धरूपले फुल्न पाइरहेको थियो । त्यसै अवस्थामा जयमंगल नामक आवाल ब्रह्मचारी द्वारा पृथ्वीनारायणशाहलाई हिमवतखण्डमा यही प्राणि मात्रको पालक पोषक दुई तत्वले कुरागरिरहेको राष्ट्रिय झण्डालाई मेरुदण्डबनाई बोकेर संस्कृति धर्मलाई बीरताका साथ समातेर नेपाल अधिराज्यको एकीकरण गर्न सन्देश पठाएका थिये भन्ने कुरा बंशावलीमा पाइन्छ । हुननि संस्कृति र राष्ट्रिय अखण्डताको विशुद्ध विचारबाट शक्ति र विश्वास लिएर अगाडि बढ्दा नेपालीहरूको संमुख विदेशी महान् शक्तिले घुंडा टेक्नुपऱ्यो । यसरी प्रेरणा दिएर नेपालीलाई आफ्नो राष्ट्रिय झण्डाले राष्ट्रियता जगाएर संघै दृढताका साथ कर्मयोगमा आस्थ राख्न सिकाएको छ किनभने वैराग्य हाम्रो भूषण होइन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"श्री ५ को सांस्कृतिक अनुराग"

—ले० वाल कृष्ण सम

आजको जगतका महान नेपाली श्री ५ पृथ्वीनारायणको उपदेशमा हामीले ध्यान दिएनौं । हुन त राजकुमार बुद्ध पनि पनि नेपालमा ठूलठूला राजा न भएका होईन्—स्थुङ्को, मानदेव, वरदेव, शिवदेव, अंशुवर्मा, रामशाह, महेन्द्रमल्ल, जयस्थितिमल्ल र प्रतापमल्ल आदि राजा तथा रणबल्लभशाह जस्ता राजकुमार यहाँ थिए, तर तिनको क्षेत्र संकुचित थियो—आफ्नै भाई भाईको झगडामा उनको जीवन बित्यो, कसैले नेपाललाई एक सूत्रमा बाँध्न सकेनन् । वैदिक ऋषिहरूले विश्व ब्रह्माण्डलाई हेरे, बुद्धले समस्त संसारलाई हेरे, मनुष्य मात्रलाई हेरे. पृथ्वीनारायणले नेपाल र नेपालीलाई हरे । हामीलाई यो सांग्रिदै गएको अनुभव होला तर साथ साथै उसमा बाहिरी संसारका आँधी-बेहरीसित भयभित भईकन आफ्ना बाबुआमाको सांगो काखमा गुडुल्किएर बसेको पनि त अनुभूतिमिल्ला ।

पृथ्वीनारायण पछि पनि नेपालमा योग्य व्यक्तिहरु नभएका होइनन्, तर पृथ्वीको सन्देशपूर्ण गर्न कोही समर्थ भएनन् । अमरसिंह, भक्तिथापा बलभद्र, भीमसेन थापार जङ्गबहादुरहरुबाट पनि एक देशीय अङ्गहरुको बनावटमा केहीं सहायता देशले पायो, तर नेपालको पूर्ण रूपेण विकाश हुन सकेन । अनि श्री ५ त्रिभुवनबाट देशविकाश होस भनेर सब बाधा हटाइ देश बनाउन चाहिंबिसयो परन्तु त्यत्रो महान त्याग र सद्विचार पछि पनि यो उस्तैं रह्यो - केवल नाम बदलिएर काम हुंदो रहेनछ । घुरी बनाउनु भन्दा जग बलियो पार्न समय लाग्दो रहेछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अब आज श्री ५ बडामहाराज पृथ्वी नारायण पछिका नवौं नरेश नव नेपालको नवनिर्माणको नवीन आलोक श्री ५ महाराजाधिराज महेन्द्रवीरविक्रम शाहदेवको उदय भएको हो। श्री ५ पृथ्वीको प्रत्येक दिव्य सन्देशको प्रतिध्वनि मात्र होइन त्यसको सुस्पष्टरूप हामी प्रजानुरागी श्री ५ का प्रत्येक वाक्य तथा कार्यमा पाउँछौं। कुनै शासकले नेपाललाई यति हार्दिक प्रेम गरेको हामीले हाम्रो इतिहासमा पाएका छैनौं, नेपाली संस्कृतिलाई यति बुझेको हामीले देखेका छैनौं।

❀-❀

नेपालको स्वतन्त्रता

—ले० प्रो० जी० सी० सास्त्री

१९ वां शताब्दीमा नेपालमा पनि यस्तो भएको। श्री ५ राजेन्द्रले नेपालको स्वतन्त्रताको रक्षाको लागि एशियाली शक्तिहरूसंग सम्बन्ध जोड़े। त्यस बखत एशियामा साम्राज्यवाद जमीरहेको थियो। भारत र चीन पनि यो साम्राज्यवादको शिकार भैरहेको थियो। नेपाललाई पनि यसबाट बच्न धौं धौ पऱ्यो। भारतका गवर्नर जनरल अवलैडए जस्ले स्वतन्त्र राज्य अफगानिस्तान माथि आक्रमण गरेका थिए उनले यहाँका रेजीडेण्ट हडसनलाई एक गुप्त पत्रमा लेखे(The entire subjugation of Nepal or raising up another Gorkha Government or administration on terms favourable to our interest)अर्थात् सम्पूर्ण नेपाललाई ब्रिटिशको अधिन तुल्याउनेअथवा आफ्नो अनुकूल यहाँ सरकार खडा गर्नको लागि लेखे। (हेर्नुहोस् Life of Hodgson by Hunter)। यस्तो चाल बुझी देशभक्त नीति पटु श्री ५ राजेन्द्रले नेपालमा ४ लाख जति फौज

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खडा गरेर ठूलोपरिमाणमा यहाँको मैग्जीनमा अस्त्र शस्त्र तोप बन्दूक गोलो गट्टाहरूको निर्माण हुन थाल्यो। यसको अतिरिक्त आफ्नु राजनीति कुशलताले भारतीय देशी राज्यहरूका राजदूतहरूलाई काठमाण्डूमा भेला पारे।

यस्तै नेपालको सबै तयारी थाहा पाई गवर्नर जनरलाई अफगानिस्तान जस्तो नेपाललाई पनि ब्रिटिश राज्यमा गाभ्ने नीति छाड्नै पऱ्यो। तर आफ्नो हितको संरक्षणको लागि वहाँ सरकार स्थापना गर्नेमा भरपूर गुप्त प्रयास गरे। (हेर्नुस् हिमानी विशेषाङ्कमा श्री ५ राजेन्द्र, नेपालको स्वतन्त्रताको रक्षा र कोतपर्व लेखहरू)।

भीष्मपितामहको शब्दमा लोभ र परस्पर द्वेषद्वारा नेपालमा ७ वटा पार्टी खडा गराए। राजा राजेन्द्र चारैतिरबाट बिदेशी समर्थक दरबारीयाबाट पनि घेरिए। देशमा अराजकता फैलियो! घेरै थरिका गुटबन्दी दलबन्धी आफ्नो स्वार्थवश खडा भए। देशभक्त माथवर सिंहको हत्या गराइयो र यसको दोष राजा र रानी माथि थोपारियो। यसको बिरूद्ध रेजीडेण्ट हडसनले लेखेका छन्—राजाले माथवरको स्मृतिमा नेपाली मैग्जीनमा माथवरको शालीक बनाउने आर्डर दिए। (हेर्नुहोस डायरी)।

अपानुषिक कोतपर्व र श्री ५ राजेन्द्रको राज्यच्युतिः

१८४६ ई मा नेपालमा एक अर्को अमानुषिक घटना पऱ्यो जुन समयमा अंग्रेज सिक्ख युद्ध चलेको थियो। यस कोतपर्वमा ४ मन्त्री, ७ काजी, २ जनरल, ३ चौतारिया, ५ सय अन्य मानिसहरूको ज्यान गयो। यसबाट नेपालले ठूलो क्षति सहनुपऱ्यो। हेर्नुस् (Nepal & the world by R. Shah) अंग्रेजी रेजीडेन्ट हेनरी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लारेन्सले आफ्नो गुप्त पत्रमा लेखेका छन्—"नेपाल, भारदारहरू र सेनामा अंग्रेज नेपाल युद्धको समयमा जस्तो देशभक्ति र शूरवीरता रहेन। यिनीहरू आफ्नो स्वार्थमा अन्धा थिए।" कोतपर्वको फलस्वरूप देशभक्त श्री ५ राजेन्द्रलाई राजगद्दीबाट च्युत हुन पऱ्यो। तर यिनैका सतत प्रयत्न र राजनीतिले नै गर्दा नेपालले अफगानिस्तान जस्तै आफ्नो स्वतन्त्रतालाई जोगाई राख्यो। यस घटनाको परिणाम स्वरूप १८५८—१९५० ई. सम्म राणा तन्त्र कायम रह्यो।

बीसौं सौ शताब्दीमा विश्वव्यापी दुई महायुद्धले गर्दा एशियामा जन जागृति फैल्यो। यसको प्रभाव नेपालमा पनि फैल्यो। पहिलो विश्वयुद्धको अन्तमा १९१९ ई. मा राणा प्राइमिनिस्टरलाई भारत-स्थित नेपाली नेताहरूले नेपालमा वैधानिक राजतन्त्रको स्थापना र वंशागत राणा प्राइमिनिस्टरको समाप्ति, देशमा आर्थिक र भूमिसुधार आदिको माग गरेका थिए। दोस्रो महायुद्ध पछि १९५० ई. मा भारतको स्वतन्त्रता साथै नेपालमा पनि स्वर्गवासी श्री ५ त्रिभुवनको नेतृत्वमा प्रजातन्त्रको लागि शस्त्रात्मक क्रान्ति भयो। नेपालमा संसदलाई पूरा अधिकार मिल्ने प्रजातन्त्रको जग बस्यो। तर शिक्षा र सामाजिक क्रान्ति बिना कुनै पनि राज्यक्रान्ति सफल भएन। रूस र भारतले पनि सय वर्षको क्रान्तिपछि राजनीतिक अधिकार पाउन सफल भए नेपालमा दुनियां आर्थिक, सामाजिक, शैक्षिक अवस्थामा साह्रै पिछिएका थिए। यसकारण नेपालमा राजनीतिक नेताहरूले प्राप्त अधिकारको दुरुपयोग गरे।

The people were politically much advanced but socially, economically, intellectually most backward अर्थात् दुनियांको सामाजिक आर्थिक शिक्षाको स्तर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

साह्रै निम्न हुनाले राजनीतिक अधिकारको दुरूपयोग हुनगयो ।

नेपालमा इङ्गलैण्डभन्दा राजनीतिक क्रान्तिपछि साह्रै दुरवस्था हुन गयो। यहाँ पनि राजनीतिक पार्टीहरू गुटबन्दी दलगत इर्ष्या द्वेष, स्वार्थ र विदेशीहरूको मुखापेक्षी हुन गए ।

देशमा राजनीतिक अस्थिरता भ्रष्टाचार र गृहकलहको आतङ्क मच्चियो । यो सबै दुर्दशा देखेर प्रजातन्त्रको जन्मदाता राष्ट्रपिता त्रिभुवनले आफ्नो प्राणघाट हृद रोगले हात धुनुपऱ्यो । यी तथाकथित राष्ट्रिय नेताहरूले आफ्ना राजालाई पनि कालो झण्डाले स्वागत गर्न पनि पछि हटेनन् ।

यस्तो संकट अवस्थाबाट योग्य पिताका सुयोग्य पुत्र श्री ५ महेन्द्रबाट ठूलो शिक्षा प्राप्त गरिबक्सियो । जर्मन राष्ट्रनिर्माता देशभक्त बिस्मार्कको शब्दमा The mighty problems of the day are not solved by majority votes केवल बहुमतद्वारा राष्ट्रका जटिल समस्याहरूको समाधान गर्न सकिदैन । राष्ट्रनिर्माणमा सच्चरित्र, उच्च इमान्दारी, देशभक्ति, कर्तव्यपरायणता, त्याग, तपस्या राजनीतिकपटुता आदि गुणको ठूलो कदर हुनु पर्छ । पौष १ गते श्री ५ महाराजाधिराजका आफ्नो ठूलो साहस र दूर दर्शिताले देशको बागडोर आफ्नो हातमा लिएर राष्ट्रलाई एक सुयोग्य नैतृत्व प्रदान गरिबक्सिएको छ । आज देशमा योजनाद्वारा आर्थिक प्रगति, राष्ट्रको आत्मस्वरूप आफ्नो संस्कृति, भाषा, साहित्य, धर्म आदिको विकासमा पूरा पूरा ध्यान राखिबक्सेको छ । जनतालाई राजनीतिक अधिकारको योग्य बनाउन त्रिभुवनविश्वविद्यालय, रायल एकेडेमी, साहित्य संस्थान, पिछाडिएको स्थानमा पाठशाला, स्कूल, कलेज आदि स्थापना गरिएको छ । निःशुल्क प्राथमिक शिक्षा दिने पनि व्यवस्था हुदै छ । सामाजिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्रान्ति विना राजनीतिक क्रान्ति सफल भएको देखिदैन । अतः एवंराष्ट्रमा समानताको भाव पैदा गर्न मुलुकी ऐनले जन्म लिनु समयानुकूल नै हुन आयो, नेपोलियनलले पनि यस्तै किसिमको सामन्तवादको अन्त पारेका थिए । सबै भन्दा परराष्ट्र सम्बन्धले गर्दा वर्तमान संसारमा नेपालले एउटा ठूलो र योग्य स्थान प्राप्त गरिरहेछ । संविधानमा हिन्दू राष्ट्रको घोषणाले संसारका ४०–५० करोड हिन्दू नेपाललाई आत्मीयता र गौरव भावले हेरी रहेछन्, यो पृथ्वीनारायण शाहको दिव्य दृष्टिको परिणाम हो । यी सबै माथिका दिग्दर्शनहरु पौष ? गतेको शान्तिमय क्रान्तिको सुफल हो । यसलाई हामी नेपालको ग्लोरियसरिभेल्यूशन (शान्ति मय क्रान्ति भन्न सक्छौं ।)

❀०❀

भूगोल, इतिहास र संस्कृतिमा राष्ट्रिय दृष्टिकोण

—श्री योगी नरहरी थापा

विकासशील देशले प्रथम आफ्नु भूगोल शुद्ध र सर्वाङ्गीण बनाउनु पर्छ । अनि इतिहासको मौलिक अनुसन्धान गरेर तथ्य सर्वाङ्गपूर्ण प्रकाश गर्नुपर्छ । भूगोल इतिासका शुद्ध दुवै दिव्य दृष्टिले उच्चलक्ष्य ताकेर प्रगति पथमा लम्कनु पर्छ । सभ्य राष्ट्रको यो पावन कर्कव्य हो ।

तर कतिपय शताब्दीदेखि हामीले आफूलाई बिर्सन थालेका थियौं र अझै व्यूझेका छैनौं । भूगोल र इतिहास त परै रहुन् । मानचित्रसम्म शुद्धाउन सकिएको छैन् । अल्ले जे जस्तो बनाइ देखाइ दिए उसैमा मख्ख परेका छौं । हाम्रो पनि केही कर्तव्य छ भन्ने चेतना र आत्म विस्वास छैन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देशका मानचित्रमा सामान्य तया वाञ्छनीय पर्वत, नदी, खोला, नाला, वन, गाउँ बाझो बुटो, जलवायु, प्रकृति प्रभृति प्रत्येक कुराको यथार्थ चित्रण हुनु त कता गयो कता ठूलठूला भूल भएका छन । सबै सुधारका लागि प्रथम स्वदेशी आधारले सर्वेक्षण हुनु पर्छ । यो काम प्रशासनका अग्रसरत्वमा पञ्चायतको र स्थानीय जनताकी महत्वपूर्ण सहयोगले हुनपर्छ । अनि जिल्लाको जातीय खतीय खनिज कृषि प्रभृति दृष्टिकोणले संवीक्षणपूर्ण भुगोल पाठ्यक्रममा आउनुपर्छ । इतिहासको भवनवद्ध मूल हुछ ।

इतिहास पनि आफ्नै देशका कुना काप्चा र भूगर्भको गम्भीर अनुसन्धान गरी, असम्पूर्ण भ्रान्त र कटु दृष्टिबाट विदेशीहरूले लेखेका इतिहास भताउँदा उपन्यासलाई विदेशी चस्माले न हेरेर उल्या गरेका शुद्ध सर्वाङ्गीण कदापी हुन सक्तैनम् । यस निमित्त हामीले मेचीदेखि महाकाली, मुस्ताङदेखि लुम्बिनीसम्म मात्र हैन, टिप्टाबाट काङ्गडा र गङ्गादेखि दिगर्चासम्मको ऐतिहासिक सर्भेक्षण र सुदूर विदेशमा पुगेका ऐतिहासिक सामग्रीको संग्रह गरेर आफ्नै मस्तिष्कले आफ्नै लिपि भाषामा आफ्नैपनले लेखिसकेपछि यस विषयमा विदेशीहरूले के कस्तो किन भनेका छन् ? भनेर अनि आलोचना गर्नु पर्छ । यसको नाम हो राष्ट्रिय दृष्टिकोण । नाम पनि हुनु पर्छ । तर नामको साथ साथ काम पनि राष्ट्रिय हुनुपर्छ । 'बाहिर बाहिर थाकिजा भित्र भित्र पाकिजा' भनेर कुनै काम राष्ट्रहितकारी हुँदैन ।

जुन राष्ट्रको इतिहास विशुद्ध निष्पक्ष, भूतार्थवादी, सर्वाङ्गीण र राष्ट्रिय छैन त्यसले सिंहावलोकन गरेर प्रगति पथमा अग्रसर हुन सक्तैन, कुनै विकास गर्न सक्तैन । सभ्य संसारका सभामा मुखटो ठाडो गरेर आत्म परिचय दिन सक्तैन । आजसम्म प्रकाशमा आएका इतिहास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भासलाई कुनै पनि अनुसन्धानशील सच्चा इतिहासका विद्यार्थीले इतिहास भन्न सक्तैन ।

राष्ट्रलाई अङ्गपूर्ण इतिहासको र उस्तै भूगोलको खाँचो थियो र छ, रहने पनि छ । यो महान् कार्य केवल शासनबाट अथवा जनताबाट पूरा हुन सक्तैन । यसमा शिक्षा विभाग, पुरातत्व विभाग, त्रिभुवन विश्वविद्यालय, पुस्तकालयहरू, परराष्ट्र विभाग, ऐतिहासिक विद्वानहरू, ऐतिहासिक विद्यार्थीहरू र समस्त पञ्च जनताको सङ्गीभूत सक्रिय सहयोग हुनुपर्छ ।

राष्ट्रिय प्राथमिक पाठशालादेखि विश्वविद्यालयसम्मको पाठ्यक्रम कोष, व्याकरण, साहित्य, विज्ञान प्रभृति झैं इतिहास भूगोल पनि आफ्नै लिपि भाषामा आफ्नै पनले प्रस्तुत गर्नुपर्छ । यो महान कार्यमा पनि २।४ अङ्ग मात्र खडा गरेर परिपूर्ण र छिटो हुन सक्तैन । गाडँ गाउँको भूगोल प्रत्येक गाउँ पञ्चायतलाई नै लेख्न दिनुपर्छ र निर्देशन राष्ट्रिय पञ्चायतले दिनुपर्छ । सब प्रकार राजकीय सहयोग दिनुपर्छ र ओदप सामग्री आइसकेपछि अनुसन्धान समिति र संशोधन समितिले देशका कुना कुनामा घुमेर संशुद्ध गरिकन सम्पादन समितिद्वारा सम्पादित भै शुद्धतया प्रकाशन पनि त्रिभुवन विश्वविद्यालयबाटै हुनुपर्छ । प्रायः प्रतेक समिति अर्ध सरकारी हुनुपर्छ र मपाइ बनेर अघि नसरेर कुना काप्चामा चुप लागि बसेका योग्य लेखकहरूलाई पनि खोजेर निम्त्याउनुपर्छ । प्रोत्साहन दिनुपर्छ । पत्येक दृष्टिबाट सर्वप्रथम हुनेलाई स्थायी राष्ट्र सेवामा नियुक्त गर्नुपर्छ । अनि योग्य व्यक्तिहरू कर्मचेत्रमा देखा पर्छन् र सबै काम राम्रा हुँदै जान्छन् एवं प्रत्येक विषयको शिक्षा राष्ट्रभाषा र संस्कृत माध्यमद्वारा हुनु पर्छ । विदेशी भाषाबाट सफल अनुनाद गर्ने विद्वानहरूलाई पनि उक्त प्रोत्साहन दिनुपर्छ । अनि मात्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सच्चा राष्ट्रिय शिक्षा र सांस्कृतिक विकासका जम्मा देश विकास होला। प्रत्येक विकासमा उक्त प्रकारका इतिहास र भूगोलको प्रमुख सहयोग रहन्छ।

प्रत्येक विकास जिल्लाको सचिव भूगोल र इतिहास पृथक पृथक साना साना अल्पमूल्य मर वस्तुस्थितिले बहुमूल्य पुस्तक छापेर स्थानीय प्राथमिक विद्यार्थीहरूमा शिक्षा दिनु पर्छ र क्रमशः सम्पूर्ण राष्ट्रका इतिहास भूगोल पाइसकेपछि मात्र विदेशी इतिहास भूगोल पठाउनु पर्छ। यस क्रमले बालक बालिकाहरूका कोमल हृदय पटलमा राष्ट्रिय संस्कृतिबद्ध मूल भैसकेपछि अरू देश जातिका संस्कृतिले विकृत ल्याउन पाउँदैन।

उक्त विशुद्ध सर्वाङ्गीण इतिहास र भूगोल राष्ट्र भाषा जननी निर्विकार चिरस्थायी संस्कृत भाषामा पनि लेखिनु पर्छ। किनभने, "पुरुष विद्याऽनित्यत्वात् कर्म सम्पत्ति मन्त्रो वेदे" वैदिक कालदेखि र आर्यण महाभारत प्रभृति इतिहास संस्कृतमा लेखिएकाले आज पनि छलङ्ग बुझिन्छन्। तर अपभ्रंस भाषाहरू परिवर्तनशील हुनाले पृथ्वी मल्लले लेखाएका कनक पत्रहरू, स्थितिमल्लले लेखाएको गोपाल वंशावली पृथ्वी नारायणले लेखाएको दिव्य उपदेश पनि आज बुझ्नु कठिन भैसक्यो। अतः भाविसन्तानलाई ऐतिहासिक सम्पत्ति सुरक्षित राखि जान संस्कृतमा पनि लेख्नै पर्छ।

किन्तु दुःख लाग्दो कुरो यो छ कि त्रिभुवन विश्वविद्यालय प्रमुख शिक्षा केन्द्रहरूमा, संस्कृति प्रभृतिप्रति चाहिंदो चाख पुगेको छ भन्न सकिंदैन। ने. भा. प्र. स, र ने. एकेडेमी जस्तो महाविद्वत्परिषदले पनि इतिहास भूगोलप्रति सजग रहनु परेको छ। इतिहास भूगोलको एक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशिष्ट विभागै हुनुपर्ने ठाउँमा उपेक्षा डरलाग्दो समस्या हो । यस जटिल समस्याको पूर्ति हुनैपर्छ ।

हाम्रो इतिहास भैं संस्कृति पनि मौलिकतापूर्ण छ । तर संहिताबद्ध छैन । लोक व्यवहारमा निहित छ । अनुसन्धान गरी प्रकाशमा ल्याउनु पर्छ र पाठ्यक्रम राख्नु पर्छ ।

❀

लिच्छवी कालको इतिहास र शिलालेख

लेखक —इ. सं. मण्डल

अहिलेसम्म पश्चिमतिर गोरखा र पूर्वतिर पलाञ्चोकसम्मका क्षेत्रभित्रका लिच्छविकालका शिलालेखहरू प्रकाशमा आएका छन् । वि. सं. १९३७ मा भारतका पं. भगवानलाल इन्द्रजीले १५ वटा लिच्छविकालका शिलालेख प्रकाश गराएर यस क्षेत्रमा काटो खुलाएका थिए। यसको ६ वर्षपछि वि. सं. १९४३ मा विलायतका प्राध्यापक सेसिल बेण्डालल अरू चारवटा लिच्छविकालका शिलालेख प्रकाश गराए । यसको ७२ वर्षपछि वि. सं. १९६५ मा फ्रान्सका प्राध्यापक सिल्भेन लेभिले २१ वटा लिच्छविकालका शिलालेख प्रकाशित गराए । वि सं. २०१०—१६ मा संस्कृत-सन्देश, इतिहासप्रकाश, इतिहास संशोधन, हिमवत्संस्कृतिहरूमा नेपालीहरू द्वारा १८ वटा लिच्छविकालका शिलालेख प्रकाशित भए । तिनमा ऐ. शि. बाबुराम आचार्य श्री गुरू पं. नयराज पन्तद्वारा ४ वटा, योगी नरहरिनाथद्वारा ५ वटा, योगी नरहरिनाथ जनकलाल ढकालद्वारा ३ वटा, रामजी तेवारी देवी-प्रसाद भण्डारी, शङ्करमान राजवंशीद्वारा १ वटा, धनवज्र वज्राचार्य ज्ञानमणी नेपालद्वारा २ वटा, धनवज्र वज्राचार्यद्वारा २ वटा, ऐश्वर्यधर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शर्मा, घनश्याम मुवेदी, गौतमवज्र बज्राचार्य, कुमारवर शर्माद्वारा, १ वटा प्रकाशित भएका छन् । यसै बीच वि. सं २०१३ मा इटालीका प्राध्यापक जिशेप टुचीका चेला आचार्य रेनिइरो नोलीद्वारा त्यस वेला थाहा भए जति प्रकाशित र अप्रकाशित गरी जम्मा ६२ वटा लिच्छविकालका शिलालेखहरू "नेपालीज इन्स्क्रिप्शन्स इन् गुप्त क्यारेक्टर्स" (नेपालका गुप्ताचरी अभिलेखहरू) भन्ने नामले एउटै पुस्तकको रूपमा प्रकाशित भए । त्यसमा नेपालीहरूले छपाइसकेका शिलालेखहरू भन्दा बाहेकका ५३ वटा शिलालेख पढ़ेको श्रेय आफैले लिने प्रयास गरिएको छ । परन्तु नेपालीहरूले प्रकाशित गरिसकेका १३ वटा शिलालेख पनि त्यसमा परेका हुनाले वास्तवमा नोलीद्वारा प्रकाशित भएका शिलालेख ४० वटा मात्रै हुन् । यसपछि वि. सं. २०१५ मा अमेरिकाका टामस ओ, ब्यालिञ्जर द्वारा ५ वटा लिच्छविकालका शिलालेखका चित्र प्रकाशित भए ।

यसरी वि. सं. १९३७ देखि वि.सं. २०१७ सम्मको ८० वर्षभित्र अहिले हामीलाई थाहा भएअनुसार लिच्छविकालका १०२ वटा शिलालेख प्रकाशमा आएका छन् । परिश्रमसाथ खोजी गर्दा यीबाहेक अरू पनि प्रशस्त लिच्छविकालका शिलालेख पाइने छन् भन्ने कुरालाई हाम्रो केही खोजीले भेट्टी दै गएका अप्रकाशित शिलालेखले स्पष्ट पारेका छन् । (सरकाले बीर पुस्तकालय वा नेपाल अकेडेमी द्वारा अभिलेख संग्रहहरू छापिदिए मा राष्ट्रको इतिहास मा ठूलो प्रकाश पढने थियो । सम्पादक)

❀०❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाल भारत सांस्कृतिक सम्बन्ध
लिच्छवी र गुप्त कालीन मूर्तिकला

—श्री बाबू राम आचार्य

पहिला शताब्दिमा लिच्छवीहरू यस उपत्यकामा आएर राज्य–स्थापना गर्दा मूर्तिकला पनि साथमा ल्याएको अनुमान हुन्छ। लिच्छवीहरू आउनु भन्दा पहिले नै यस उपत्यकामा बौद्ध धर्मको प्रचार भएको कुरा पाँचौं शताब्दीदेखि आठौं शताब्दीसम्मका शिला लेखमा र अनुश्रुतिमा पाइन्छ। तर यस समयसम्ममा बनेका बुद्ध बोधिसत्व अवलोकितेश्वर वा तारिका मूर्तिहरू भेटिएका छैनन्। अङ्गभङ्ग गरिंदा पर्याकिएर खण्डहरहरूमा अवश्य गडिरहेका होलान्।

पहिला र दोश्रा शताब्दीका पौराणिक देवताहरूका मूर्ति पनि पाइएका छैरन्। पाइएसम्मका मूर्तिहरूमा सबभन्दा पुराना 'सूर्य' का मूर्ति देखिन्छन्। दोश्रा शताब्दीमा इरानीमग–ब्रह्मणहरूले उत्तर भारतमा सूर्य–पूजाको एक पथ चलाएका थिए। उस समयका कुषाण वंशी राजाहरूको राजधानी मथुरा मूर्ति–कलाको एक केन्द्र बनिरनेहेको थियो। युनानी मूर्ति–कला र भारतीय मूर्ति–कला मिसिएर जो गान्धार—कला पैदा भएको थियो, त्यसै कलामा बुद्ध सूर्यका मूर्तिहरू त्यहाँ कुँदिन्थे। मूर्तिमा सौन्दर्य र सजीवता रहने दुई गुण गान्धार कलामा मौजुद थिए। यसै कलामा कुदिएका मनुष्याकार सूर्यमूर्ति यस उपत्यकामा यत्रतत्र पाईदैछन्। केवल पशुपतिनाथका मन्दिरका वरिपरि सात आठ मूर्ति पडिरहेका छन्। अङ्ग भङ्ग हुँदा न पुजिए तां पनि गान्धार कलाको सौन्दर्य प्रकट गर्न बचिरहेका छन्। यिनमा कुषाण वंशी राजाहरूकै वेषभुषा, अर्थात् फराकिलो टोप, कमरपेटी सहित

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बक्खु र दोचा पहिराइएको छ । वासुकीका मन्दिरनेर रहेका मूर्तिमा अरू भन्दा कलाको विशेषता पाइन्छ ! पछि पनि यस आकार प्रकारका मूर्ति बन्दै रहेको देखिन्छ ! तर पछि पद्मिका मूर्तिमा वाहनका रूपमा घोडा पनि जोडिएका हुन्छन् ।

तेश्रो शताब्दीमा उत्तर प्रदेशका नागवंशी राजाहरूले शिवलिङ्गको पूजा गर्ने र देवालयका ढोकामा गङ्गा—जमुनाका मूर्ति खडा राख्ने पद्धति चलाएका थिए । त्यो प्रभाव यहाँ आएर 'नकुलेश' शैलीका शिवलिङ्गहरू तीन, चार शताब्दीसम्म बन्दै रहेका हुनाले यस्ता सयकडौं मूर्ति यत्र तत्र पडीरहेका देखिन्छन् । तिनमा मूर्ति-कलाको अभाव छ। तर गङ्गा जमुनाका मूर्ति देखिएका छैनन् । केवल कच्छप वाहिनी जमुनाको यौटा मूर्ति देवपाटन बाग्मती नदीका किनारामा पडिरहेको छ । यसमा पनि गान्धार कला हुनाले बडो सुन्दर छ ।

चौथो शताब्दी उत्तर भारतका गुप्तराजाहरूले भागवत सम्प्रदाय लिएर विष्णु पूजाको प्रचार गरे, यसको प्रभाव तुरुन्तै यहाँ आएर विष्णु मूर्ति बन्न थाले । गुप्त राजाका आज्ञापत्रहरूमा गरुडका चित्र रहन्थे । यस कारणले यहाँ पनि गरुडका अनेक मूर्ति बन्दै रहे। गुप्त शैलीको पहिलो विष्णु मूर्ति चौथा शताब्दीका मध्य भागमा बनेर चाँगुमा स्थपना भएको अनुमान हुन्छ । यस समयदेखि सातौं शताब्दतक बनेका विष्णु मूर्तिहरू खण्डहरहरूमा ज्यादा देखिन्छन् । पूजिएर रहेका बहुत कम छन् । शिवपुरीका फेदीमा रहेको जलशयन नारायण (बुढा-नीलकण्ठ) को मूर्ति छैटौं शताब्दीको अनुमान हुन्छ । यस समयका गुप्त मूर्तिकारहरूले भाव गम्भीरता उपर विशेष जोड दिएको हुनाले उत्तर भारतका मैदानमा पाइएका गुप्तकालीन मूर्तिहरूमा गान्धार कलामा रहेजत्तिको सजीवता र सौन्दर्य पाईदैन । परन्तु यहाँका

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूर्तिकारहरूले बडो कुशलता संग गान्धार कलामा गुप्त कला समेत मिलाएर मूर्ति कुँदेका हुनाले तीनै गुण रहेका देखिन्छन् । यिनमा पाँच मूर्तिको चर्चा यहाँ गर्न आवश्यक छ ।

पहिलो चण्डोलमा रहेको बराह नारायणको मूर्ति छ । मध्य भारतका उदयगिरी नामक पहाडको गुफामा रहेको चन्द्रगुप्त विक्रमादित्यले स्थापना गरेको बराह मूर्ति पनि ठीक यस्तै छ । यस मूर्तिमा जो ओझ झल्किन्छ त्यो आश्चर्य जनक छ । दोश्रो, पाँचौं शताब्दीक मध्यका राजा मानदेवका विजय स्तम्भको आधार भएको चांगु नारायणका मन्दिर अगाडिको कछुवाको मूर्ति र तेश्रो, त्यहि रहेको ठुलो गरुडको मूर्ति छ । चौथा र पांचौं वामन नारायणका दूई मूर्ति छन् ।

छैटौं शताब्दीला भारतमा धार्मिक क्रान्ति भएर अनेक तान्त्रिक सम्प्रदाय निस्के । देव, देवी बोधिसत्व, अवलोकितेश्वर, भैरव र तारादेवीको बृद्धि हुंदा र यिनका आकार प्रकारमा जटिलता बढता मूर्ति कलामा पनि परिवर्तन भएर नयां युगको प्रारम्भ भयो यसलाई मध्ययुग भन्न सकिन्छ । मध्यकालीन मूर्तिहरु पनि ज्यादा जसो खण्डहरकै रुपमा रहेका छन् तापनि प्रचूर मात्रामा नेपाल र भारतमा पाइन्छन् ।

❀०❀

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"मल्लकालीन—संस्कृति"

ले० प्रो० ढुण्डिराज भण्डारी

शंकराचार्यको शैवधर्मबाट प्रभावित भएका जनसाधारण लाई आफ्नो धर्मतिर पुन उन्मुख गराउन बौद्ध सम्प्रदायले तंत्र, मंत्र, अभिचार आदिको आश्रय ग्रहण गरेर चमत्कार पूर्ण शक्तिद्वारा आफ्नो मान्यता सुरक्षित राख्न खोज्यो। फलतः बौद्धधर्म जो आफ्नो साधना प्रद्धतिको सरलता र सदाचारको महात्तालें कर्मकाण्डको जटिलतासित मुकाबिला गर्न सफल भएको थियो। स्वतः साधनाको उल्झन र मंत्रको जटिलतामा आबद्ध भएर योग, समाधि तंत्र मंत्र र डाकिनी शाकिनीको सिद्धिमा रमाउन थाल्यो। यद्यपि बुद्धदेवको जीव कालमा पनि 'गान्धारी विद्या' अथवा 'आवर्तनी विद्या' मंत्र कल्पद्वारा प्रचलित थियो जसलाई बुद्धदेवले 'मिथ्या जीव' को संज्ञा प्रदान गरेका थिए यस विद्या-लाई बुद्धदेवले 'मिथ्या जीव' भने तापनि उनका केही शिष्यहरूमा यस विद्याप्रति केही आकर्षण अवश्य नै शेष थियो जो उनको निर्वाण पछि क्रमशः प्रकट हुन थाल्यो। यस प्रकार महायानको सरल साधन काल चक्रको आधारले मंत्रयानमा परिवर्तित भयो र पछि यस मंत्रयानको अन्तर्गत वाम मार्गले 'भैरवी चक्रको' रूपमा सदाचारको अवहेलना गर्दै मंत्र र हठयोगका पद्धतिमा मद्य, मांस र मैथुनलाई पनि समाविष्ट गरेर आफूनाई मंत्रयानबाट वज्रयानमा परिवर्तितगऱ्यो। फलतः सूधा साधा जन साधारण वज्रयानीहरूको चमत्कारको प्रभावमा पथभ्रष्ट हुन थाले, सामाजिक जीवनमा व्यभिचारले घर बनाउन थाल्यो।

उपर्युक्त भूमिकाको आशय यो हो कि चौधौ सदीको उत्त राद्धमा सूधा—साधा नेपाली जनतामा यी वज्रायानिहरूको चमत्कारको प्रभाव दिन दिनै क्रमशः बढ्दै गइरहेको थियो। साधारण जनता भेडा बाख्रा जस्तै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जता गयो उतैतिर ओलिन थालेका थिए । पंचमकारको साधनाले गर्दा नेपालको सामाजिक जीवन सात्विक बाटो बाट फर्कने भावनाले प्रेरित हुन थालेको थियो । यस्तो स्थितिमा हिन्दू राज्यको मुकुट मणि नेपालले शंकराचार्य जस्ता कट्टर सनातनी अगुआको खोजमा सतत प्रयत्नशील हुनु स्वाविकै थियो । नेपालको मध्यकालिक इतिहासमा मल्ल राजाहरूको उदय यै रूपमा देखा पर्दछ । यी मल्ल राजाहरूको कला उपासना हिन्दू धर्म–भावनामा बेष्ठित देखा पर्दछ ।

मल्ल राजाहरूमा कट्टर सनातनी तथा हिन्दु–धर्मका रक्षक राजा जयस्थिति मल्ल ठीक समयमा नै नेपालको मध्यकालिक इतिहासमा देखापर्दछन् । राजा जयस्थिति मल्लले आफ्नो धार्मिक सहिष्णुताद्वारा ह्रासोन्मुख हिन्दू जन–जीवनको आधार वर्णक्रम धर्मलाई पुनः उठाए । उनले सरल भोला–भाला प्रजालाई सनातन धर्मप्रति पुनः उन्मुख गराउन कानूनी सुधारको अतिरिक्त अनेक देवी–देवताहरूको स्थापना गरि स्थापत्य—कलालाई मूर्ताधान गरे । राजा जयस्थिति मल्लका परवती मल्ल राजाहरूले पनि स्थापत्य कला, नृत्य —कला, शिल्प–कला आदि ललितकलाद्वारा सनातन धर्मको मान्यतालाई सवल स्थायित्व प्रदान गरे ।

यस प्रकार नेपालको मध्यकालिक इतिहासमा मल्ल राजाहरू कलाका अनन्य उपासक तथा मर्मज्ञ दृष्टिगोचर हुन्छन् । मल्लकालिन राजाहरूको कला—प्रियताको आधारमा धार्मिक भावना निहित रहेको ले उनीहरूको कला—उपासनामा मणि – काचनको योग देखापर्दछ । भक्तपुरका राजा भूपतीन्द्र मल्लद्वारा निर्मित देवमन्दिर तथा भक्तपुर दरवार आदि वस्तुकलाका उच्चतम कृतिको रूपमा कला मर्मज्ञद्वारा प्रशंसित भएका छन् । वास्तुकलामा मर्मज्ञ पर्सि ब्राउनले भक्तपुर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दरबारको मूलढोकाको कारीगरी देखेर राजा भूपतीन्द्र मल्लका सम्बन्धमा भनेकाछन् कि राजा कला—मर्मज्ञ मात्र थिएनन्, अपितु उनी आफ्नो धर्मका आचार्य पनि थिए। न्हातपोल देवलमा प्रयुक्त सालका काठमा अङ्कित कारिगरी उच्चकोटिको देखापर्दछ। कलाको दृष्टिकोणबाट यो मन्दिर आफ्नो ढंगमा अपूर्व हुनाका साथै अद्वितीय पनि मानिएको छ। ललितपुरका राजा सिद्धिनसिंह मल्ल पनि कलाका अनन्य उपासक दृष्टिगोचर हुन्छन्। यिनले आफ्नो राज्यकालमा हिन्दूस्थापत्य—कलाको आधारमा राधाकृष्णको मन्दिर निर्मित्त गराएका थिए। पाटन स्थित राधाकृष्णको यो मन्दिर सौन्दर्यमा अद्वितीय हुनाका साथै वास्तुकला र धार्मिक दृष्टिकोणबाट पाटनका लागि मात्र होइन अपितु सम्पूर्ण नेपालका लागि आज पनि गौरवको प्रतीक देखापर्दछ। यस मन्दिरका भित्ति—चित्रहरू हिन्दू—समाजको प्राचीन गौरव—गाथा प्रस्तुत गर्दछन्। गयाको बौद्ध—मन्दिरको अनुकरणमा निर्मित्त भएको पाटनको महाबौद्ध मन्दिरको वास्तुकला वेसरशैली या चालुक्य शैलीको स्मरण गराउदछ। मल्लकालमा जीर्णोद्धार गरिएका तथा निर्मित भएका बौद्ध मन्दिरहरू मल्ल राजाहरूको धार्मिक सहिष्णुताको गुण-गान गर्दै वास्तुकलाको आदर्श प्रतिष्ठित गर्दछन्। हुनत प्रकृतिको काखमा हुर्केको बढ्केको नेपाली जीवनको कला—प्रियता महासामन्त अंशुवर्माको निवासगृह कैलाशकूट भवनले प्रकट गरेको छ। तर लिच्छवीकालीन वास्तुकलामा वैभव र समृद्धिको जति विज्ञापन छ त्यति मल्लकालीन वास्तुकलाको दाँजोमा हिन्दू-वास्तु—आदर्श बोधगम्य हुन्न। न्हातपोल देवल, पाटनको राधाकृष्ण—मन्दिर, हनुमान ढोका, पाटन तथा भक्तपुर दरबारको प्रवेश—द्वार आदि वास्तुकलाका सजीव प्रतिमाहरू उपर्युक्त कथनको प्रमाण उपस्थित गर्दछन्। वास्तुकला मर्मज्ञ पर्सिब्राउनले प्रकट गरेको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मल्लकालीन वास्तुकला–सम्बन्धी उद्गार अवश्य नै ध्यानं दिन योग्यछ। बौद्धधर्मका प्रतीक चैत्य तथा स्वयम्भूहरूमा पनि प्रत्यक्ष तथा अप्रेत्यक्ष रूपबाट हिन्दूधर्मद्वारा स्वीकृत बास्तुकला आदर्शले प्रभाव पारेको सम्भावना स्पष्टरूपमा देखापर्दछ। बौद्धवास्तु—आदर्शमा हिन्दू धर्म का प्रतीक चक्र, सूर्य—चन्द्र आदिको प्रयोग उपर्युक्त कथनलाई सभ्य को नजिक लिएर जान्छ। मन्दिरहरूमा अङ्कित भएका भित्तिचित्र, मल्ल राजाहरूका ढोका–भयालहरूको कारिगरी, यस कालमा प्रचलित भएका बिभिन्न जात्राहरूमा दर्शाउने लोक—नृत्य तथा संगीत आदि मल्लकालिन ललित कलाको उन्नतिको प्रमाण उपस्थित गर्दछन्। यस कालमा निर्मित्त भएका नाटकहरूको रंगमञ्च सम्ममा अभिनीत भएका ले मल्लकालीन नेपालले नाट्यकलामा पनि उन्नति गरेको तथ्य प्रकट हुन्छ। पाटनका राजा योगनरेन्द्र मल्लले आफ्ना मुद्रा तथा ताम्र पत्रहरूमा आफूलाई 'संगीतार्णव पारग' बिशेषण प्रयोग गरेकोले यस कालमा संगीतकलाको उपासना पनि स्पष्ट रुपमा बोधगम्य हुन्छ।

एक वाक्यमा भन्नेहो भने हिन्दूधर्म तथा पैगोडाको आधारमा निर्मित भएको मल्लकालीन वास्तुकला चरमोन्नत अवस्थामा प्राप्त भएको र साथै भित्तामा चित्रित चित्रकला काठ तथा पत्थरमा अंकित शिल्पकला, जात्राहरूमा प्रचलित नृत्य तथा संगीत आदि ललित कला हरू पनि मल्ल—कालमा अत्यन्त समृद्ध अवस्थामा प्राप्त भएका थिए।

—:❀०❀:—

तन्त्र शास्त्र

—ले. प. हरिहर शास्त्री, अध्यापक दर्बार हाईस्कूल

यो शास्त्र शिवजीले बनाएको हो र यसका ३ भाग छन्। एक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आगम, दोस्रा यामल तेस्रा मुख्य तन्त्र । बाराही तन्त्र अनुसार सृष्टि, प्रलय, देव पूजा सम्पूर्ण कार्यको साधन, पूरश्चरण, षट कर्म साधन र चार प्रकारको ध्यान योगको वर्णन भएकोलाई आगम भनिन्छ ।

सृष्टितन्त्र, ज्योतिष, नित्य कृत्य क्रम, सूत्र, वर्ण भेद र युग धर्म को वर्णन भएको यामल हो ।

सृष्टि, लय, मन्त्र निर्णय र देवताहरूको संस्थान, यन्त्र निर्णय, तीर्थ, आशुमधर्म, कल्प, ज्योतिष, व्रतकथा, शौच, अशौच, स्त्री पुरुष लक्षण, राजधर्म, दान धर्म, युग धर्म व्यवहार तथा आध्यात्मिक विषय को वर्णन भएको मुख्य तन्त्र हो ।

यसको मुख्य भनाई यो हो कि कलि युगमा वेदले केही काम दिदैन तसर्थ कार्यसिद्धिको लागि तन्त्र शास्त्रमा वर्णित मन्त्रहरूबाटै सहायता लिइयोस् । यसको सिद्धान्त अत्यन्त गुप्तछ र यो शिक्षा लिन पहिले दीक्षित हुन पर्छ । आज काल मारण, उच्चाटन, वशीकरण आदि को निति तथा कैयौं साधनको निति पनि तन्त्र मन्त्रोक्त क्रियाहरूको प्रयोग गरिन्छ । यो शास्त्र खास गरेर शाक्यहरूको हो । प्रायः यसको मन्त्र एका शरीर अर्थहीन हुन्छ । जस्तो ह्रीं, क्लीं, श्रीं, स्त्रीं शूं क्रूं आदि । तान्त्रिकहरूको पञ्चमकार पनि प्रसिद्ध छ । जस्तो मद्य, मांस, मत्स्य मुद्रा, मैथुन । साथै चक्र पूजामा पनि उनीहरूको बिशेषता छ । चक्र पूजा र अरू अनेक पूजामा पनि उनीहरू मध्य मांस र मत्स्य को प्रयोग गर्छन् । धोबिनी र तेलिनी आदि स्त्रीहरूलाई पनि नाङ्गै बारी पूजा गर्छन् । अथर्ववेदमा पनि मारण, मोहन उच्चाटन र वशीकरण आदिको वर्णन छ । परन्तु भनिएको छ कि वैदिक क्रिया र कलाप तथा मन्त्र विधिहरु शिवजीले कोलकको रूपमा राखिदिनु भएको छ । बौद्ध शास्त्रमा पनि तन्त्र शास्त्रछ यसलाई हिन्दू तान्त्रिकहरू उपतान्त्रिक भन्छन ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाराहीतन्त्रबाट पनि यो थाहा हुन्छ कि जैमिनि, कपिल, नारद, वर्ग, पुलस्त्य, भृगु, शुक्र, वृहस्पति आदि ऋषिहरूले कैयौं उपतन्त्र बनाएका थिए।

पुराण जस्तै तन्त्र पनि ठूलो छ, आवश्यकीय अवतरण यसप्रकारछः—

वाराही तन्त्रको मत अनुसार समस्त तन्त्रको श्लोक देवलोक, ब्रह्मलोक तथा पाताल लोकमा नौ लाख र भारतमा एक लाखछ।

आगम पनि ३ प्रकारको छ। चौंथो ईश्वर हो। कल्प पनि चार छन— आगम, डामर, यामल, तन्त्र।

यसको उत्पति कहिले भयो भन्ने कुरामा विवादैछ। प्राचीन स्मृति संहितामा बौध बिद्याको उल्लेखछ। परन्तु तन्त्र शास्त्रको नाम छैन। साथै पुराणमा पनि तन्त्र पाइंदैन।

तन्त्रमा वर्णित प्रातः स्मरण, स्नान बिधि, त्रिपुण्ड धारण, भू शुद्धि, भूत शूद्धि, प्राणायाम सन्ध्या, जय पुरश्चरण, कराङ्ग न्यास, अन्तर्मातृका वहिर्मातृका वित्र न्यास नामादि बिद्या, नित्यादि बिद्या, भूत बिद्या, तत्वन्यास, द्वार पूजा तर्पण, दशविद्या न्यास, पाँच निर्णय, नित्य पूजा, सूर्यध्य, तोर्थ संस्कार, गुरु आदि पूजन, दीक्षा, दीक्षा भेद, सर्वतो भद्रादी चक्र, यन्त्र निरूपण पुरुषाह वाचन नांदी श्राद्ध, मन्त्र शोधन, मन्त्रोद्धार नाम परायण तत्व पारायण पञ्चाङ्गन्यास महाषोढा न्यास महान्यास' संमोहन न्यास, सौभाग्य वर्धन न्यास, अन्त्येष्टिक्रिया विविध मुद्रा, अवधूतादि निर्णय आदि हरेक बिषयको कर्म कलापमा लाग्नुनै तान्त्रिकहरूको तन्त्र पाउने कर्तव्य हो।

अघि नेपालमा पनि तान्त्रि नभएको होइनन्। जामुना गुभाजूको कुरा हरेकले सुनेकै होला। हाम्रो महाङ्काललाई पनि तन्त्रबाटै अङ्चाइएको हो। यस्तैमा भादगाउंको काल भैरव पनि।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अघि राणाजीहरूले तान्त्रिकहरु प्रति कुदृष्टि गरेको फलस्वरुप नै नेपालबाट तन्त्र शास्त्र हराऊदोछ। अर्थात तन्त्रशास्त्र जलाउने राणाको मनोवृत्तिबाट धेरै जस्तो तान्त्रिकहरूले आफ्नो भएका तन्त्रहरू बिष्णुमतीमा बालुवा भित्र लुकाए भन्ने सुनिएको छ। कारण रास्ता समातिने हुदा बिष्णुमतीमा राखेका थिए। पानीभित्रको किताब कति दिन अड्दथ्यो ?

अब थोर बहुत जो बचेकोछ त्यसबाट पूरा काम हुँदैन। हुनलाई अरू पनि ती तन्त्र जान्ने होलान्।

यसैले नेपाल आध्यात्मिक भूमिमात्र होइन तान्त्रिक पनिछ जसको चमत्कार अब त एक प्रकारको अन्धविश्वास भएपनि जीबिका चलाउनेहरू अझ पनि यसका अनुयायी छन्।

—:०:—

पुरातत्व र इतिहास

-कुमारी दुर्गाअर्याल एम. ए. (संस्कृति) फाइनल

ऐतिहासिक अध्ययनको एउटा प्रमुख अंग पुरातत्वलाई नै मान्न सकिन्छ। यसले सभ्यता भन्दा पूर्व कालिन मानव जीवनको पनि अध्ययन गराउँछ। माटोभित्र लुकिरहेका अनेक बस्तुको माध्यमद्वारा एस्ले प्राचिन संस्कृति, रितीरिवाज एव इतिहासको अध्ययन गराउँछ। इतिहासले पूर्ति गर्न नसकेको कुरालाई पुरातत्वले पुरा गर्दछ भन्नमा अत्युक्ति पर्दैन। मानिसले उपयोग गरेका भौतिक बस्तुहरुको अवशेषहरू जस्तो माटाको भाँडा कुडाँका टुक्राहरु, तीनीहरूमा कुंदीएका बुट्टा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदिबाट प्राचिन सभ्यताको प्रतिविम्ब छर्लङ्ग हुँन आउँछ । जुन समयमा इतिहास लेख्ने साधननै थिएन, मानिसहरू जङ्गली अवस्थामा थिए, जंगली जनावरहरूको मासुनै उनीहरूको मुख्य जिवीको पाजँन थियो र त्यी जनावरहरु मार्ने साधन उनीहरूमा आफ्नो अगाडि भएको ढुङ्गाको हातहतियार एकमात्र थियो । —यस्तो समयको आधुनिक समयमा उत्खनन् गरी भेट्टाइएका अवशेषहरूबाट अध्ययन भैरहेछ र आधुनिक पुरातत्ववेताहरुले सो समयलाई 'पाषाण युग' भनी नाम दिएका छन । पाषाण युगलाई पनि मुख्य २ भागमा बाँड़ेका छनः जस्तो पूर्व पाषाण युग र नुतन पाषाण युग । तीनिहरूको पुरापुर अध्ययन २।४ शब्दैमा गरी सकिने कुरा होइन ।

यसै गरी मानिसहरू बिस्तारै २ सभ्यताको पथतिर लम्कीदै गए र भौतिक बस्तुहरूको आविष्कार गर्दै गए जस्का अवशेष आधुनिक समयमा आएर इतिहासलाई पूर्ति गर्ने साधन भैरहेछन् । मोहेन्जो-दाडो र हड़प्पा जस्ता विश्व प्रख्यात सभ्यताको इतिहांस पनि पुरातत्वकै आधारमा लेखिएको छ। त्यस्तै मौर्यकाल, सुङ्गकाल आदि समयको धार्मिक, आर्थिक र सामाजिक स्थितिहरू पनि उनीहरूले बनाई छाड़ेका कलाकौशलका नमुनाहरू जो आजकाल ठाउँ २ मा भेट्टाइएका छन्—तिनीहरूलेनै दर्शाएका छन् । उत्खननमा भेट्टाइएका माटाका भांडामा ढुक्कामा कुँदिएका अनेक जनावर र बिरुवापात आदिको चित्रहरूबाट आधुनिक (Geologist Botanist) आदि वैज्ञानिकहरूले तेसठाउको हावापानी, वनस्पति एवं भौगोलिक स्थिति आदि पत्ता लगाएका छन् ।

यसै गरी प्राचीन भग्नावसेषहरूद्वारा तत्कालिन समाजको उन्नति, अवन्नति र सामाजिस चालचलन थाहाहुन्छ । उत्खननमा भेट्टाएका सबहरूद्वारा र त्यसका साथमा गाडिएका अन्य चिजहरूले पनि त्यस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

समयको धार्मिक रीतिरिवाज एवं आर्थिक स्तर आदिको ज्ञान दिलाउछ

सिक्का पनि पुरातत्वको महत्वपुर्ण क्षेत्र हो जस्ले तत्कालिन समाजको दर्पण देखाउछ । सिक्कामा चित्रीत देवदेवता आदिबाट धार्मिक स्थितिको ज्ञान हुन्छ !

गहनाहरूले पनि तत्कालिन समाज र अन्धविश्वासको ज्ञान दिलाउछ जस्तो हाम्रो समाजमा आजसम्म पनि आमा बाबुले आफ्नो नानीहरूको घाँटिमा आँखा जस्तै बुट्टा खोपिएका मुगाको माला लगाइ दिने गरेका छन् । यो गर्नु नानीहरूलाई बोक्सी आदि खराबीको आखीबाट बचाउनु हो । एस्तै अन्धविश्वास प्राचीन समयमा पनि प्रचलित थियो भन्ने कुरा उत्खननमा भेट्टाइएका मुगाका मालाहरुबाट प्रमाणित हुन आउँछ ।

यसरी पुरातत्वको यस्तो विशेषता भएको आजको युगमा इतिहास लै आफ्नो जग दरिलो बनाउदै आइ रहेछ । नेपाल पनि एक ऐतिहासिक महत्वपूर्ण देश हो भन्नमा अत्युक्ति पर्दैन । यहाँ ऐतिहासिक महत्वका धेरै वस्तुहरू प्रस्तुते छन् । दुर्भाग्यवश पुरातत्व वेत्ताहरूको ज्यादैनै कमी भएकोले नेपालले आफ्नो महत्व प्रकाशमा ल्याउन सकेक छैन । भगवान बुद्ध जस्ता महान् पुरुको जन्मस्थल कपिल बस्तु नेपालको तराई भागमा स्थित छ भन्न हामीलाई गर्वलाग्छ तापनि पुरातत्व विज्ञानमा सारैनै पिच्छडिएको देश भएकोले नेपालले आफ्नो महत्वलाई बिश्वको सामु प्रस्तुत गर्न सकेको छैन । भर्खर २ पुरातात्वाक क्षेत्रमा हुन लागेको प्रगतिबाट आशा गर्न सकिन्छ कि निकट भविष्यमानै नेपालको इतिहासले पनि कांचुली फेर्नेछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाल राज्यमा पर्महिं बाल्मीकिको आश्रमः—

आज इतिहासका कैयौं कुराहरु अतीतका गर्भमा विलीन हुंदै गैरहेछन् जस्को पत्तो पाउनु पुरातत्व वेत्ताहरूलाई पनि धौ धौ पर्देछ, यसका अनेकौं कारणहरू हुन सक्छन् । जुनमध्ये पहिलो कारण ऐति—हासिक कुराको खोजी नहुनु र त्यसको राम्रो अध्ययन नहुनु पनि हो । इतिहासका कति यस्ता कुराहरू पनि छन् जो आजसम्म खोजी गरिएका छैनन् । समय परिवर्तन शील छ । त्यसले गर्दा प्राचीन कालमा धेरैं चीजहरु परिवर्तन हुदै गई क्यां सम्मतालै भुलिदै गैरहेछन् । हुनत यो पुरातत्व सम्बन्धी विषय हो तथापि खुशीको विषय छ कि बाल्मीकिको आश्रम वास्तवमा नेपालमा थियो—यसको अझ ठीक ठीक पत्तो भैसकेको छैन । हामी रामायणबाट यही जान्दछौं कि रामचन्द्रजीले गर्भवती सीताजीको त्याग गर्नु भएको थियो । रामचन्द्रजीले आफ्ना प्रिय भाई लक्ष्मणलाई सीताजीलाई वनमा लगी छोड्ने आदेश दिनुभो र कर्तव्यपरायण लक्ष्मणले तदनुसार भाउजुलाई वनमा लगी छोडी आउनुभो । वास्तवमा त्यो जंगल विदेह राज्य अन्तर्गत रहेको थियो किनभने रामचन्द्रजीले यो विचार्नु स्वाविक थियो कि गर्भवती सीताजी लाई अलीम कष्ट उठाउनु परे आफ्नो माइतीघरबाट केही सुविधाप्राप्त हुन सकोस् । रामचन्द्रजीको यसै आशयलाई बुझी लक्ष्मणले विदेहराज्य मा बाल्मीकिको आश्रमको समीपमा छोड्नु भयो । त्यस समय आश्रम को प्रधान कर्तव्य पनि दुखीजनलाई आश्रय दिनु रहेको थियो । आश्रम वटुहरुद्वारा सूचना पाउँदा साथ महर्षी बाल्मीकिले सीताको खोजगरी स्व आश्रममा आश्रय दिनुभो, त्यहीं लव कुशको जन्म भो र त्यहीं नै उनीहरुको शिक्षा पनि सम्पन्न भयो । थी सबै कुराहरु बाल्मीकिको कुटिमा नै भयो जुन कुटी तमसा नदीको किनारमा थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यहाँ प्रश्न उठ्छ—यो तमसा नदी थियो कहाँ र आज यसको नाउँ के छ। हजारौं वर्षदेखि पुनीत गंगा यमुना सरयूको नाउँ जस्ता का तस्तै पाउँदै गर्दा भने तमसा नदी टोस नाममा परिवर्तित भएकी छन्। नाम परिवर्तन हुनु आश्चर्यको कुरो होइन किनभने आज हामी प्राचीन वैशालीलाई बसाढ, कुशीनगरलाई कसया र चम्पारनको यशोधरा मेलालाई सहोदरा माइकी मेजाको नाउंबाट जान्दछौं भने तमसा को विकृत रुप टोस हुन सक्छ।

अर्को कुरा के भने पहिले ऋषि मुनिको आश्रम साना साना नदीको किनारमा हुन्थे। जस्तै—कण्वको आश्रम मालिनी तटमा थियो त्यस्तै बाल्मीकिको आश्रम पनि तमसा (टोस) नदीको किनारमा हुनु केही आश्चर्य लाग्दो कुरा थिएन। यी नदी पहाडबाट निस्की वेगवती गण्डकीमा मिस्सिएको थिइन् जो नेपालमा बग्छिन्। विदेह—राज्यको राजधानी जनकपुर हाम्रो नेपाल भित्र पर्ने हुंदा धेरै सम्भव छ बाल्मीकि मुनिको प्रारम्भिक आश्रम त्यस तमसाको किनारमा रह्यो होला जो अचेल 'टोस' नामले प्रसिद्ध छ। सीता सम्बन्धी सबै मुख्य घटनाहरु त्यस आश्रमको हो जो भैंसालोटनको त्रिवेणीकोनजीक तमसा नदीको किनारमा भएको थियो जो नेपालमा छ। सम्भव के छ भने बाल्मीकि महर्षिको प्रारम्भिक आश्रम भएको नदीको नाउँ टोसनै रहेको होस्। पछि त्यसलाई कसै कसैले भ्रमवस तमसा भन्न थाले होलान्। कालान्तरमा त्यो नदी टोसनै रहन थाल्यो होला। महन्त धन राजपुरीको अनुसार बाल्मीका दुई आश्रम थिए। चम्पारनको वैशाली टनको स्थान जहाँ आज नेपाल—भारतको मैत्री स्वरूप गण्डकमा बाँधको काम हुदैछ त्यसैको नजीक त्रिवेणी नामको स्थान छ। त्यहाँ देखि २ मील पूर्व बाल्मीकि मुनिको आश्रम छ। आश्रमको नजिक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तर तिर तमसा नदी वहिछन् । धेरै अघिदेखि त्रिवेणीमा माघी अमावास्याको दिने मेला लाग्ने चलन चलिरहेछ । टाडा टाढाबाट लाखौं मानिस आई त्रवेणीमा स्नान गरी आफ्नो पाप पखाल्छन् । त्रिवेणी नाम रहनुमा पनि प्रयागमा जस्तै तीनवटा नदीको संगम हुनु पर्दछ । तर त्यहाँ स्वर्ण रेखा र गण्डकीको मात्र त संगम छ भने के यहाँ पनि सरस्वतीको जस्तै गुप्त धाराको संगम छ ? महन्त धनराज लेख्नु हुन्छ जब उहाँ १९१७—१८ मा त्रिवेणीको मेलामा जानुहुँदा रहाँलाई थाहा भो कि त्यहाँदेखि पूब लगभग २ मीलमा बाल्मीकिको आश्रमको उत्खनन पहाडमा भएको छ । त्यस उत्खननको दृश्यले टड्कारै खनिएको सिद्ध गर्दथ्यो । त्यहाँ एक सय गजको घेरामा भग्न भूलुठितकुटिका पत्थर हरू इतस्ततः छरिएका थिए र अपूर्व सून्दर मूर्तिहरू एउटा रूख मुनि एकत्रित गरिएका थिए । ती पत्थरका मूर्तिहरू त्यसै खण्डहरूमा यत्रतत्र छरिएका थिए । बाल्मीकि मुनिको आश्रम सीताको कुटी र एउटा सानो कुंबा सबै पत्थरले बनेका थिए । नगिचको पहाड बालुवा को र सानु सानु पत्थरको हुँदात्यसपहाडबाट यती ठूलाठूला खम्भा पाटी र कलश आदि अवश्यमेव ल्याइएन् र कुनै टाढाका पहाड काटी ल्याइए का होलान् । जुनले अझै कुनै कर्मठ पुरातत्व वेत्ताको नजरलाई च्याई षखिरहेकाछन् । हालैमा महन्तजीलाई थाहा भो कि बाल्मीकि मुनिको आश्रमको नजिकै तमसा नदी पनि वहदछिन् र तमसा गण्डकीको नजिकै बाल्मीकेश्वर महादेवको मन्दिर पनि विद्यमान छ । यस दिशामा श्री ५ को सरकार को पुरातत्व विभाग ले अविलंब आफ्नो ध्यानल-ई हाम्रो प्राचीन निधिलाई प्रकाश मा त्याई यस षवित्र ऐतिहासिक स्थल को गौरव बढाउना मा आलस्य देखा उने छैन भन्ने शाशा राखतछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हिन्दू –राजनीति

प्रो० केशवराज अर्ज्याल एम. ए.
विश्वभाषा विद्यालय

मौर्य साम्राज्यको जगलाई बलियो र स्थायित्व प्रदानगर्न विष्णुगुप्त अर्थात् कौटिल्यले हुन आफ्नो बुद्धिमत्ता या दूरदर्शिताको परिचय दिएका छन् त्यस्ले आज चौविस सय वर्ष पछि पनि "हिन्दू राजनीति" लाइ सुशोभित तुल्याई रहेछ। आजको युगमा राजनीति शास्त्रको महत्वलाई नसम्झने नबुझने मानिस विरलै होलान् किन्तु कौटिल्यले आफ्नो अर्थशास्त्र (राजनीतिशास्त्रमा) भनेका छन् " अर्थ नै प्रधान छ, अर्थद्वारा धर्म र काम पूर्ण हुन सक्छ (अर्थ एव प्रधानम् इति कौटिल्य) अर्थमूलौ हि धर्मकामौ। यस किसिमले जीवनमा महत्वपूर्ण स्थान पाएको अर्थको धर्म र कामको अविरोधले अर्जित गर्न दण्डको आवश्यकता पर्दछ। त्यो दण्ड पनि विनय (सुशिक्षा अनुशासन) को आधारमा खडाभएकोछ भने मात्र प्राणिको योगक्षेमकर बन्न सकछ। यसै दण्डको नीतिलाई (अर्थात राजनीतिलाई) तत्कालीन प्रचलित सबै राजनीतिशास्त्र लाई एकठ्ठागरी अर्थशास्त्रको प्रणयनगरे। यसमा १५ आधिकरण १५० अध्यापक र ६ हजार श्लोक छन्। ग्रन्थकारको भनाईमा यो ग्रन्थ ज्यादै बिस्तृत र अत्यन्त जटिल पनि छैन। सजिलै संग अर्थ बुझन सकिने र अनावश्यक र अनपेक्षिशब्द को प्रनोग पनि यसमा गरेको छैन। यसको लेखन शैली सूत्रशैलीमाछ। ग्रन्थको आरम्भमा आन्वीक्षिक्यादि विद्याको चर्चा गरिएको छ। यस कारणकि अर्थ र शासनको विधिहरू पनि वर्णाश्रम धर्म र वेदविहित मार्ग देखि अलग्ग रही जनकल्याण कदापि हुन सकदैन। त्रयीद्वारा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रचित र वर्णाडामको मर्यादामा रहेको जन सुखी रहन्छ दुःखि हुन सकदैन ।

कौटिल्यको यस अर्थ शास्त्र (राजनीतिशास्त्रमा) न्यायविभाग कण्टक शोधन गुप्तचर को नियुक्ति र तिनीहरूको कर्तव्य मन्त्री मण्डल को गठन, तिनीहरूको शुद्धाशुद्धिको परीक्षा परराष्ट्रसम्बन्धी राज्यमा आइपर्ने आपत्ति हरू र तिनको निराकरण, आक्रमण कोतपारी युद्ध सम्बन्धी, निर्बल राजाले अपयाउने नीति सम्बन्धी, किल्लाबन्दी सम्बन्धी उपाय सम्बन्धी आदि विषयमा सूक्ष्मरूपले निरीक्षण गरेको छ । यी सबैमा चर्चा अशक्य हुदा संक्षेपमा निर्बल राजाले अपनाउनु पर्ने नीति को उल्लेख यहाँ देखाइन्छ;—

"बलवान राजाले आक्रमण गरेर मा वेतस वृत्ति अनुशरण गर्नु अर्थात् झुकेर उसको अधिकार स्वीकार गर्नु यस्तो भारद्वाज आचार्य भन्दछन् किनभने बलवानको समक्ष निहुरनु इन्द्रको सामुन्ने निहुरनु जस्तिकैहो । विशालाक्ष को कथन छ सम्पूर्ण सैनिकशक्ति लगाई दुस्मनका साथ लडोस । किनकि पराक्रमले नै आपति दूर हुँन सक्छ । यैनै क्षत्रियकोधर्म हो । युद्धमा जीत या हार त हुन्छ नै । किन्तु आचार्य कौटिल्य उपर्युक्त कथन स्वीकार गनु हुदैन वहाँ भन्नु हुन्छ" सबै ठाउमा वेतसबृत्ति लिदा बलीको बोको झैं जीवन देखि निराश हुनेछ । यदि थोरै सेनालिइ बलवान सँग युद्धगर्दछ भनै समुद्रमा हांमफाली डुबेको मानिस जस्तै आशुविनाश हुन्छ । यसर्थ निर्बल राजाले कुनै बलवान राजाको ओश्रय लिनु या सुरक्षित दुर्गमा गै वस्नु । कौटिल्य उनको मतमा आक्रामक तीन किसिमका हुन्छन् (१) धर्म विजयी (२) लोभ विजयी र असुर विजयी । तीनीहरूमा बलवान धर्म विजयी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चाहि झुक्नाले खुशी हुन्छ केवक त्यसैको डर आइपरेमा मात्र ननिहुरी शत्रुको डर आईपरेमा पनि उसंग झुकोस् । अमुर विजयोहरू आक्रामक चाहीं, भूमि, द्रव्य पुत्रादि र प्रजाजनको हिंसा द्वारा सन्तुष्ट हुन्छन् । त्यस्तालाई जमीन र धन दिई आफ्नो अनुकूल तुल्याउनु ।

ती तीन किसिमका आक्रामकहरुले दुर्बलराजामाथि आक्रमण गर्न चाहेमा दुंर्बल राजाले सन्धि मन्त्रयुद्ध, अथवा कूट युद्धद्वारा आक्रमणको प्रतिकार गर्नु । दुर्बल राजाले साम र दान द्वारा शत्रुपक्ष लाई आफ्नो अनुकूल राख्नु साथै त्यसका आमात्यदिमा पनि भेद र दण्ड को प्रयोग गर्दै राख्नु । अथवा आक्रामक का दुर्ग (किल्ला) राष्ट्र सैनिक शिविर आदिमा दुर्बल राजा का गुप्तचरहरुले शस्त्र, विष अग्नि आदिको प्रयोग गरी नष्ट गर्नु मौकापरेका वखत आक्रामकको राजधानीमा पृष्ठ भाग वाट आक्रमण गर्नु । अथवा वनचर द्वारा शत्रुका राज्यमा अशान्ति पैदागर्नु । यसप्रकार अनेक उपायले आक्रामकको क्षति गरी अन्तमा दुर्बलराजाले सन्धि गर्नका निम्ति आक्रामक राजाका छेउ दूत पठाउनु । यदि निर्बलियो राजाले बलवान आक्रामकको कुनै नोक्सान गर्न नसके उसग सन्धिगर्न प्रार्थना गर्नु ।याचना गर्दा पनि आक्रामक शन्धि गर्न तयार नभए आक्रामकलाई दिइने कोश र सैनिक जेछ त्यसमा एक चौथाई अरू बढाई पुनः सन्धिको निम्ति प्रार्थनागर्नु । यदि शर्तको रूपमाफौजमाग्छ भने, निर्बल हात्ती, घोडा दिनु । यदि बलिया हात्ती घोडा दिनु परेमा विषप्रयोग गराइ दिनु । यदि आक्रमक पैदल सेना को रूपमा फौजमाग्छ भने बिषप्रयोग गर्न सिपालु व्यक्तिको नायकत्वमा राधविरोधी सेना, शत्रुसेना, वनचारीको फौज दिनु । यस्तो प्रबन्ध मिलाउनु जस्ले आक्रमणकारी र राजविरोधी दुवै नष्ठ होऊन् । अथवा दुर्बल राजाले तीक्ष्ण नामक सेना दिनु जो अपमानित हुनासाथ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शत्रुको कुभलो गरून अथवा दुर्बल राजाले आफ्ना मौल तथा अनुरक्त सेना दिनु जस्ले शत्रु विपत्तिमा परेका बखत शत्रुको अपकार गरून । यदि आक्रामक कोशको शर्तमा सन्धिको माग गर्छ भने सार (बहुमूल्य) जिन्सें नदिने अथवा कुप्य सुन चांदी दिनु रुद्रव्य यदि भूमि को शर्तमा सन्धि गर्न चाहन्छ भने यस्तो भूमि दिनु जोकि पुन वापस आउन सकोस या सधैं शत्रुहरूले घेरिएको, दुर्ग आदि नभए हो पुनर्वासको प्रवन्धमा निकै खर्च हुने होस् । अथवा निर्वल राजाले आफ्नो राजधानी वाहेक अरूसंपूर्ण दिएर भए पनि बलवान् आक्रामक संग सन्धि गर्नु ।

यसकिसिमको कौटिल्यको अर्थशास्त्र बाट हामी तत्कालीन राजनैतिक सामाजिक व्यवस्था र आर्थिक अवस्था को साथ साथै अनेक कुरा थाहा पाउन सक्छौं । सामाजिक आर्थिक तथा राजनैतिक दृष्टिकोणले हिन्दुराजतन्त्रमा कौटिल्य अर्थशास्त्रको ठूलो महत्व छ जस्ले मौर्यकालीन भारत उच्चशिखरमा पुगेको थियो । सम्राट चन्द्रगुप्तले मौर्य राज्यको न केवल एकीकरणगरे प्रत्युत ग्रीक आदि विदेशीलाई धपाई राज्यको स्वतन्त्रताको रक्षा गरे औ पञ्चायती व्यवस्थालाई आधारबनाएर सुव्यवस्थित शासन प्रणालीको जग बसाले ।

—:०:—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली भाषाको प्राचीनता

श्री बाल चन्द्र शर्मा

भाषा एउटा यसतो साधन हो जसको माध्यमले मनुष्य आफ्नो विचार र भावनालाई अरूमा व्यक्त गर्दछ । भाषाको रूप निर्धारण गर्दा त्यसको यस विशेष गुण वा प्रयोजनको कदापि उपेक्षा हुनु हुन्न । आध्यात्मिक अथवा यसतै किसिमको सूक्ष्म विषयको अभिव्यक्तिमा स्वभावतः संस्कृत बहुल भाषाको प्रयोजन पर्छ नै । यो कुनै विदेशी वा परकीय प्रवृत्ति पनि होइन । कारण माथि नै भनियो कि हाम्रो भाषाको निर्माणको क्रम वैदिक काल अथवा त्यसको कर्मकाण्ड काल सितै कुमसित कुमजोरी भएको हो । अतः परस्परमा शब्दावलीको आदान प्रदान अश्वाभाविक होइन । उदाहरण लिउँ— मेरा एक मित्रले नेपाली भाषामा प्रचलित "रिपु" शब्दतिर मेरो ध्यान आकृष्ट गर्नुभयो । हाम्रो गाउघरमा प्रचलित छ—काम गर्नुमा यो कस्तो रिपु रहेछ । यहां रिपुको अर्थ शत्रु होइन । कारण कामको "रिपु" प्रशंसार्थक हो, निन्दार्थक होइन । खोज्दा ऋग्वेदमा "रिभु" एक व्यक्ति फेला परे । तिनका सम्बन्धमा लामो कथा छ जसको यहां प्रयोजन छैन, यति मात्र भन्नु पर्याप्त छ कि ती ऋग्वेदमा विश्वकर्मा झैं कार्यदक्ष उपदेवता झैं मान्य देखाइएका छन् । त्यसै गरी बिशेषतः नेपालमै रहने साही ठकुरी, फारसी "शाह" अथवा शाही सि तसम्बन्धित छैन, साह, शाही सहानुसाही संस्कृत वा प्राकृत भाषाका शब्द हुन् । इन्द्रलाई ऋग्वेदमा साहको विशेषण दिइएको छ । यस आधारमा यी सब कुराको निष्कर्ष यही हो कि संस्कृत र नेपाली भाषाको प्रवृत्तिहरूमा धेरै अन्तर छैन । जस्तै क्रियापदबाट विशेषण, नाम बनाउनु अथवा त्यसको विपरीत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गनु अथवा दुई वा बडी वाक्यहरूको समासले कुनै विशेष गुण वा धर्मको बोध गराउनु, चूलिनु, हाँरनु, पखेटिनु, अकाशिनु, बत्तिनु, मख्ख बुट्टे उन्यूपाते, वाघजुङे, सिमल कांढे आदि यसका उदाहरण छन् । अनि खांचोका समय नजिकैको छिमेकीको उपेक्षा किन गर्नु ? माथिका उदाहरणबाट नेपाली शब्दावलीको लचकिलोपन स्पष्ट छ । संस्कृतको पनि यो ठूलो गुण हो । अतएव Judge, Judiciary, Judicial, Justice, Judgement आदि शब्दको अनपवाद गर्दा कानून र कानूनीभन्दा टाढा पुग्न गाहारै छ, तर संस्कृतको विधवाट वैध, वैधानिक, विधात आदि आदि अनेक शब्द घन्न सक्दछन् । उपसर्ग र प्रत्ययको प्रयोगले यिनको समै रहन्न, झर्रोवादको सिद्धान्तले पनि आजको यसप्रकारको आवश्यकताको पुर्ति सम्भव छैन ।

भनाइको तात्पर्य यो हो कि विषयको अनूकूलनै भाषा हुनुपर्दछ । सामान्य बोलचालको भाषामा नेपाली भाषाको सामान्यरूप प्रति हाम्रो अवश्य नै मोह हुनुपर्दछ कारण ती हाम्रा जीवनसित भिजिसकेका छन् तिनीहरू बाट अथवा भावको जुन अभिव्यक्ति हुन्छ त्यो अरूबाट हुन्न । तर कुनै वादको आधारमा तिनको सहय स्वाभाविक रूपकै विकृति हुन लागेमा स्वय त्यस सिद्धान्तकै हत्या हुनेछ । आफ्नो भाषाको सामलले नभेटेमा आफ्नो सबभन्दा नजिकैको दीर्घकालदेखिको छिमेकी-संस्कृत भाषाको सहायता अवान्छनीय कुरा पनि भन्न सकिन्न । यस प्रकार भाषाको नवीन आवश्यकताको पूर्ति हाम्रो दीर्घक लदेखि चली आएको मौलिक परम्पराकै अनुकूल भएमा त्यो स्वस्थ र हितकारी हुने छ (—नेपाली छात्रसंघ नयाँ दिल्लीबाट प्रकाशित 'हिमाल पत्रिकाबाट) ॐ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नेपाली कलामा विशुद्धि वादको प्रयोग

ले–श्री मनवज्र बज्राचार्य

हामी वैष्णव धरमन्दिरहरूको तोरण तथा पटचित्र र भित्ता–चित्रको चित्रणमा एकै विष्णुको पनि अनेक रूप देख्दछौं। जसमा हामी एकै विष्णुको रूपलाई नीलो, सेतो, रातो, कालो आदि विभिन्न रङ्गमा चित्रण भएको पाउँदछौं। यो कुरा यथार्थवादीहरूको निमित्त अभिमत छैन, अप्राकृतिक जस्तो लाग्दछ तर हाम्रो इहिलेको सभ्यता नुसार यस्तो किसिमको चित्रण कलामा ठूलो अभिप्राय लुकेको छ। जस्तै क्रोधावस्थामा प्रकट भएको विष्णु को रूपलाई दिगदर्शन गर्न रातो अनुहार, शान्तिको रूपलाई व्यक्त गर्न सेतो अनुहार, वीरताको रूपलाई साकार गर्न हेम वर्णको मुखाकृति शृङ्गार रसमा व्यभि व्यक्त भएको रूपलाई साकार गर्न श्यामवर्ण आदि विभिन्न मानसिक भावलाई व्यक्त गर्न एउटै विष्णुको चेहरा पनि अनेक रूपमा चित्रण भएको कुरा हामी पाउँछौं। यो कुरा अति मार्मिक र विचारणीय छ। चित्र कलाको क्षेत्रमा अपनाएको यस्तो प्रकारको प्रतीकवाद न केवल विष्णुको रूपमा मात्र सीमित छ किन्तु शैवमतानुसार शिवको अनेक मुखाकृतिहरू पनि यस्तै विशुद्धि वादको तर्कनामा उद्भूत भएका छन् र बौद्धधर्म अर्न्तगतका अनेक देवदेवीहरू र लोकेश्वरहरू पनि यस्तै कुनै न कुनै भावको प्रतीक स्वरूप विभिन्न रूपमा चित्रण भएका छन्। तर बौद्ध दर्शन अन्तर्गत रङ्गहरूमा अपनाएको विशुद्धिवादको विचारधारा उपरोक्त वैदिक भावना-मा उत्पन्न भएको नवरसात्मक रङ्गहरूको विशुद्धि वाद भन्दा केही फरक छ। जस्तै बौद्ध बिचारधारा अनुसार नीलोरङ्ग विज्ञानको द्योतक, पहेलो वेदनाको प्रतीक स्वरूप, रातो चेतनाको प्रतिरूप, सेतो रूपको र श्याम वर्ण संस्कारको प्रतीक स्वरूप प्रयोग गरिन्छ। अथवा जीलो–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विशुद्ध धर्मधातुको ज्ञानको प्रतीक स्वरूप, सेतो आदर्शज्ञानको प्रतीक स्वरूप पहेलो समता ज्ञानको द्योतक, रातो प्रत्यवेक्षण ज्ञानको प्रतीकस्वरूप र श्यामवर्ण कर्तव्यपालनज्ञानको प्रतीकस्वरूप प्रयोग हुन्छ। यस्तै भौतिक दर्शन अनुसार नीलो आकाश को प्रतीक स्वरूप सेतो पानीको पहेलो पथ्वीको प्रतीक स्वरूप, रातो तेजको प्रतीक स्वरूप र श्यामवर्ण वायुको द्योतकको रूपमा चित्रण हुन्छ। यसप्रकार नेपाली चित्रकला अन्तर्गत विभिन्न रङ्गहरू अनेक भावमा प्रयोग गरिएका छन्। जुनकुरा हामी देख्नेका नेपाली चित्रकारहरूको चित्रहरूमा तत तत विचारधारानुरूप यथास्थान प्रयोग गरिएको पाउंदछौं। यो कुरा मनन गर्न योग्य छ।

नेपाली मूर्तिकलाको क्षेत्रमा पनि यस्तै विशुद्धिवादको प्रयोग अत्यन्त मार्मिक ढङ्गमा भएको छ। जस्तै घृणाको प्रतिक स्वरूप महांकालको मूर्ति, अदभूत भावको प्रतिक स्वरूप गन्धर्वका मूर्तिहरू, भयानकताको प्रतीक स्वरूप काल भैरवहरूका मूर्तिहरू, क्रोधको प्रतीक स्वरूप रूद्रको मूर्ति, शान्तभावनाको प्रतीक स्वरूप नारयणको मूर्ति आदि निर्माण भएका छन् तथा बौद्धधर्म अतर्गत पनि यस्तै प्रतीक स्वरूप अनेक काल्पनिक देवदेवीहरूको मूर्तिहरू निर्माण भएका छन्। जस्तै अहिंसा तथा दयाको प्रतीक स्वरूप करूणामयको मूर्ति, क्रोधको प्रतीक स्वरूप चन्द्रमा रोषणको मूर्ति, अदभूत रसको प्रतीक स्वरूप विद्याधरीको मूर्ति, शान्तभावनाको प्रतीक स्वरूप बुद्ध, बोधिसत्वका मूर्तिहरू आदि अनेक मूर्तिहरू आफ्नो आफ्नो विशेष भावनाको द्योतकको रूपमा निर्माण भएका छन्। नेपाली मूर्तिकलाको ऐतिहासिक पृष्ठभूमिमा पनि यस्ता अनेक मूर्तिहरू देखिएका छन् जुन मानवीय प्रतिबिम्बको आधारमा निर्माण भएका छन्। उदाहरणका लागि अमृत श्री नामक एक दिवंगत युवतीको प्रतीक स्वरूप निर्माण भएको तेह्रौं शताब्दी तिरको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवपाटनस्थित गौरी को मूर्ति विशेष उ लेखनीय छ । तथा यस प्रसङ्गमा पशुपति स्थित अर्धगौरीश्वरको मूर्तिले पनि त्यसकै उपरोक्त कुरालाइ पुष्टि गर्दछ । किनभने यो द्वैध मूर्ति लिच्छवीकालिन गणदेव र भीमगुप्तको द्वैध शासन चलेको समयमा निर्माण भएको थियो । राजा र मन्त्रीको द्वैध शासन चलेको बखत यस प्रकारको आधा विष्णु र आधा शिवका शरीरको सामञ्जस्यले एक रूप लिएको मूर्ति बन्नु उहिलेको विशुद्धिवादको ठूलो सफलता थियो ।

❀❀❀

जयस्थिति मल्ल-सामाजिक दृष्टि कोणबाट

प्रो. तुलसि राम वैद्य
त्रिचन्द्र कलेज

जुन समयमा नेपाल (काठमाडौं मात्र) लाइ सुल्तान समसुद्दिन को १३५० इ. को आक्रमण ले चौधौ शताब्दिको पुर्वार्द्धका को समाज, राजछिति, आर्थिक परिस्थिति, धर्म आदि मा खलबल मचाएको थियो यस्तो समाज लाइ जयस्थिति मल्लले १३८० इ. मा राजसत्ता लिइ सके पछि विस्तारै सुधार गरे ।

१३८८ इ. पछि मात्र एक समिति गठन गरि जयस्थिति मल्लले यि सुधारहरु गरे मुसलमानले श्री पशुपति को मूर्तिलाइ तीन टुक्रा गरि देशलाई ध्वंस गरेको गो. रा. वंशावलि वाट, पाटन पिवहाल अभिलेख वाट- राज भोग माला बंशावलिबाट) हुंदाले जयस्थिति मल्लले देश लाई शुद्धि गर्न १३९५ इ. मा कोटिहोम गरे र हिन्दुस्तान वाट आएको ब्रह्मणहरु बाट जाती मिलनको लागि दिव्य शुद्धि "र मानव धर्मशास्त्र" बनाउन लाए यस किसिमवाट नया "स्थिति" बसाएको ले नै यस्को

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नाउँनै स्थिति मल्ल भएको हो भन्ने बिचार सत्यता बाट टाढै छ किनकी राजा हुनु अगाडी देखि नै उनको नाउँ स्थिति मल्ल थियो (गो. रा. बंशावलि) भाग्य वस कामर नाम मिल्न आयो।

सामाजिक सुधार को लाथि जयस्थिति मल्लले किर्तिनाथ उपाध्याय कान्यकुब्ज, रघुनाथ झा, श्री नाथ भट्ट, महि नाथ भट्ट र राम नाथ यि पाँच व्यक्तीहरु को एक कमिटी बनाए तिनिहरुले सामाजिक सुधारमा जातिमाला सामाजिक रहन सहन को कानुन र नैतिक कानुनहरु बनाए यस्ते कानुनहरु फ्रान्समा नेपोलियनले "नेपोलियन कोड" बनाएर युरोपको सामाजिक सुधार गरे चीनको दार्शनिक कन्फ्युसियसले समाज सुधारहरु को बाटो देखाए।

जयस्थिति मल्लले पहिले नेवार समुदायमा जाति माला बनाए। यस्मा सामाजिक दृष्टि भन्दा आर्थिक दृष्टि को दृष्टान्ट धेरै पाइन्छ। जस्तोकी हिन्दु चारवर्ण को आधारमा चित्रकार, साल्मि, छिपा, माली, सिकर्मी, भन्देल इत्यादि अनेक जातिनिकाले हरेक जातिलाइ एक एक व्यबसाय को व्यवस्था गरि दिए। चित्रकार ले चित्रहरु बनाउने, साल्मीले तेल निकाल्ने, छिपाले कपडा रङ्गाउने, भन्देलले खाना बनाउने, कर्मचार्यले तलेजु को पुजा गर्ने, इत्यादि। यस किसिमबाट जाति प्रथा सामाजिक र व्यबसायिक दृष्टिको आधारमा बनाए। यस्को नतिजा मा देश मा धेरै लाभ भए। एकत यस्ले गर्दा व्यबसायमा धेरै समृद्धि भयो किनकी अब एक व्यक्तिको व्यबसाय वंश परम्परा भए कोले त्यस काममा विशेष ज्ञान प्राप्त भयो नतिजामा दक्षताले गर्दा यहाँको कला कौशल को धेरै उन्नति भशो। आजकाल काठमाडौं पर्यटकहरुको लागि धेरै महत्व पुर्ण भयो। हनुमान ढोकाको दरबार,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भादगाउँको दरबार, न्यतापोल, पाटनको कृष्ण मन्दिर, दरबार इत्यादि अपुर्व कला कौशलको नमुनाहरु बने यस्कोकारण मुख्यतया व्यवसायिक समाजिक विभाजन थियो जस्ले गर्दा कार्यबिभाजन र निपुर्णता भयो। अर्को दृष्टि बाट हेर्दा भने यो व्यबस्थाले बेकारि समस्या हल भयो। सबैको आफ्नो आफ्नो व्यबसाय लिएर बसे अर्काको व्यबसायमा कुनै किसिमको हस्तक्षप गर्न नपाउने कानुन बनाए, यदि हस्तक्षेप गरे दण्ड भोग्नु पर्ने भए।

यस्तै जयस्थिति मल्लले समाजको रितिरिवाजको लागि पनि एक नियम बनाए। जब एक बच्चा पैदा हुन्छ सुदयानी लाइ बोलाउनु पर्दछ। यदि आफ्नो कुलको सुदयानी समय मा आएन भने तिन्ले १२ तुरु जरिबाना तिर्नु पर्दछ त्यसै गरि यदि आफ्नो कुल को अजी (सुदयानी) लाइ नबोलाइअरु कसैलाइ बोलाउने र आउने लाई २४ तुरु जरिवान सुदयानीले दश दिनसम्म काम गरेको बापत दश कुरुवा चामल, दश कुरुवा च्युरा, र जन्मेको बालक लाइ चढाएको पैसा सबै दिने बच्चा पैदा हुना साथ अजिमा देवी लाइ एघ सुपारी, सिन्दुर र अरु चिजहरु राखी पुजा गर्ने एक दुई दिन पछि साल काटदा "पिच्छिनी" (नाल काटने) लाइ पाँच कुरुवा चामल, पाँच कुरुवा च्युरा, आदि दिनु। बोलाउँदा नआए साल काटने लाइ १२ तुरु जरिवाना। छैठौं दिनमा 'छैटी' गर्नु त्यसकाममा फुफूले दिप माला लाउनु र अरु काम गर्नु। पुरोहितले स्वधाकर्म गराउनु। दशौं दिनमा सुक्केरि चोख्याउनु। बाबुले कपाल सबै खौडाउनु, नङ्ग कटाउनु। नाउलाइ भोज खवाउनु, केहि गरि त्यो नआए १२ तुरु पुजा आजा गराउनु। ज्योतिष लाइ चिन्हा लेखाउनु र १२ दामर एक कुरुवा चामल दिनु। केटा भए ६ महिनामा केटी भए ५ महिनामा पासनी गर्नु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ब्राह्मणले कलसार्चण गर्नु, ८४ व्यन्जन तयार गरि २ माना चावल को भात थालिमा राखी त्रि खुट्टीमा उठाइ राख्नु थकाली ले पञ्चग्रास ख्वाउनु त्यसै दिन देखि बचालाइ अन्न ख्वाउनु ।

ठुलो जातका मानिसहरुको चुडाकर्म यथा समय गराउनु । एक अगाडी देखि घरमा शुद्ध गर्न लाउनु र नान्य मुखी श्राद्ध गराउनु । केटा लाइ कपाल खौराउन, कानमा प्वाल पार्नु, फुफूले कपाल थालिमा याप्नु यस्तै गरि व्रतवन्ध मा केटालाइ गायत्री मन्त्र गुरुले दान गर्नु यस किसिमले जयस्थिति मल्लले नेवार समाजको रिति रिवाज वनाइ समाजमा स्थिरता ल्याइ विए यि नियमहरु अद्यावधि चल्दैछन् यि नियमहरु बनाए भन्नाको मतलब त्यसबेला समाजमाथि कुनै नियमहरु नै छैन भन्नै होइन समाजमा चलि आएको चलनलाइ वैज्ञानिक ढगबाट नियमित गरे ।

जाति माला र सामाजिक रिति रिवाज को नियमहरु पछि अब हामी नैतिक कानुनहरु बनाए जात मिल्ने चन्द्रायणी भएको पुरुषले अर्काकी स्वास्नी कहाँ कुनैतिक सम्बन्ध राखेको खण्डमा, जरिवाना ६० रुपैया तिर्नु पर्छ बिबाहित ब्राम्हणी छैउ ब्राम्हण गयो भने ब्राम्हणी को जात नास्ती ब्राह्मणको लिङ्ग अनुशासन गरी देश निकाला ।बिधवा ब्राम्हणीलाइ ब्राम्हण ले पवित्रता नष्ट गरे ३०। रुपैया जरिबाना र जात नष्ट बिबाहित ब्राम्हणी को सतित्व क्षेत्रीले नष्ट गरे तिनलाइ नदी पारि लगि चाण्डलले एकचोटी मुक्का हानी मार्नु त्यस्तै बैस्थले बिबाहीत ब्राम्हणी संग अनैतिक सम्बन्ध राखे, उस्को लिङ्ग कटाइन्छ, र १२०। सुन सिद्धि रुपैया जरिवाना । शुद्रले भए मृत्यु दण्ड । यस्तै किसिमबाट धेरै नियमहरु निकाले सतिप्रथालाइ पनि मान्यता दिइएको छ बनि बिधवा चित्ताबाट भागे आफ्नो जातमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आउन पाउंदैन र चाएडल जातमा मिलाइन्छ यसको मतलब सति प्रथालाइ सामाजिक नियम बद्ध मात्र गरेन कि उत्साह पनि गरे।

यस किसिमबाट जयस्थिति मल्लले सामाजिक सुधारहरु गरि नेपाल देश (काठमाण्डौ) को समाजलाइ नियम बद्ध गरे। समाजलाइ विभाजन गर्नाले समाजमा कुनै किसिमको गडबड हुन पाएन यदि खाली धर्मिक र सामाजिक विचार ले मात्र जाति बिभाजन गरेको भए स्थिरता आउंदैनथ्यो र सामाजिक अराजकता फैलिन्थ्यो तर व्यवसायिक व्यवस्था मिलाइ दिएकोले झन बलियो तुल्यायो। साँच्चै भनु भने यो सुधारले गर्दा नया जातहरु निकालेन खालि अव्यवस्थित समाज लाइ मिलाउन समाजलाइ बिभाजन मात्र गरि अनेक बर्ग निकाले ६४ जाति भनि जुन कुरा गरेकोछ ति जात होइन ति वर्ग मात्र हो। त्यस्तै समाजको रिति रिवाज लाइ पनि नियम बनाइ नियमित समाज बनाए यस्ले गर्दा अनुशासन बद्ध समाज बने। कुनै वर्गले कुनै वर्गलाइ थिचो वा अपहेलना गर्न सकिने भयो। सुव्यवस्थित समाज भन्नु नै सुव्यवस्थित देश हो कसैले कसैलाइ छलकपट गर्न नसकिने गरे। वैदिक नियमानुसार चार बर्णमा समाजलाइ विभाजन गरेका थिए यसमा पनि व्यवसायिक विचार नै आधार भएको छ। जयस्थिति मल्लले यसलाइ नै आधार बनाइ सुव्यवस्थित रुपले समाजको व्यवस्था मिलाए हमुरव्वीले पनि बेबिलोनियामा यस्तै कानून बनाए। समाजलाई तीन भागमा–अवेलु, मुस्किनु र आर्दू मा बिभाजन गरे जस्तो यहाँ जयस्थिति मल्लले दोषीहरुको लागि अनेक दण्डको नियम बनाए त्यस्तै हमुरव्वीले ज्यान सजाय अङ्ग छेदन आदि नियमहरु बनाए जुन मनु स्मृति संग मिल्दछ।

—:०:—

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रो विवाह प्रथा

ले० बुद्धि रत्न एम्० ए०

गृह सूत्र र धर्म सूत्रमा विवाहका आठ भेद दर्शाएको छ। ब्राम्ह, दैव, प्राजापत्य, आर्ष, गान्धर्व, आसुर, पैशाच, राक्षस। मनु: ३।२७। ब्राम्ह र प्राजापत्यमा त्यति भेद नहुँदा आपस्तम्ब पृथक् ठानेनन्। वेदमा यी प्रभेदको नामतः उल्लेख पाइदैन तापनि आर्ष, प्राजापत्य, दैव, गान्धर्व, राक्षस आदि अनेक प्रकारका विवाहको संकेत पाइन्छ। तिनमा विशेषतः उल्लेखनीय पुरुरवा र उर्वशीको आभिसन्धिपूर्वक सामयिक विवाह। उर्वशीले कबूल गरेकी थिइन् जुन वखत उनले पुरूखालाइ नाँगो देखिलन् त्यसै वखत उनलाइ छाडी गन्धर्वसँग जानेछिन्। अन्त्यमा यस्तै हुन गयो।

स्वयवर:—वैदिक साहित्यमा मातापिता द्वारा सन्तानको विवाहमा नियन्त्रण गरिएको पाइंदैन। तापनि मातापिताको आफ्ना सन्तानको विवाहमा प्रभुत्व रहेको पाउछौं। मेकडानल एवं कीथ यस विषयमा लेख्नुहुन्छ, यो स्पष्ट छैन कि नवयुवक र नवयुवतीको विवाहमा माता-पिताको स्पष्ट नियन्त्रण छैन। तापनि योग्य वर वधुको प्रबन्ध अवश्य गर्दथे। जस्तै—ऋग्वेद, "पिता यत्र दुहितुः सेक मृञ्जन् सशग्मेन मनसा दधन्वे। पिता छोरीको लागि वर खोजेर मनमा अत्यन्त प्रसन्न हुन्छन्। सूर्योयत्पत्ये शंसन्ती मनसा सविता ददात्। ऋग् १०।८५।९। वैदिक युगमा कन्याको बाबुलाइ धनले सन्तोष गरी विवाह गर्न सक्दथ्यो—मन्त्र अश्वं हि भूरिदावत्तरा वां विजामातु ष्त वा घा स्यालात्—१।१०९।२। हे इन्द्राग्नि! मैले सुनेको छु तपाईंले यसभन्दा अधिक दिनु भो जति ज्वाईंले ससुरालाई दिन्छ। स्वयम्बर क्षत्रीहरूमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सीमित थियो त्यसमा पनि धनी घरानियाँहरूमा विशेष गरी राजा—हरूमा । जो स्त्री रूपवती र भाग्यशालिनी थी त्यस्ले आफ्नो पति आफै चुन्दथी । "भद्रा वधुर्भवति यत्सुपेशाः स्वयं सा मित्रं वनुते जन चित्" । इतिहासले पनि यस कुरालाई प्रष्टयाएको देख्छौं—सावित्रि, दमयन्ती, रुक्मिणी आदि ।

वैवाहिक आयुः—वैदिक कालमा विवाह युवक र युवतीमा हुन्थ्यो । बाल बिवाहको नामो निशान पनि भेटिदैन । एक ठाउं बिबाहमा बाबुले छोरीलाई आशीर्वाद दिंदा भन्दछ—तिमी सासू, ससुरा, देवर, नन्द सबका माथि साम्राज्ञी बन ।

अर्को एक ठाउँ बिबाहानन्तर चतुर्थि कर्मको विधान लेखेको छ । चतुर्थि कर्मानन्तर अभिगमन गर्नु भन्ने पनि लेखिन्छ । यस किसिमबाट वैदिक समयमा युवक र युवतीको बिबाह स्पष्टै देखिन्छ ।

ब्रम्हचर्यद्वारा कन्या युवा पतिलाई प्राप्त गर्दछे । यदि कन्या बालिका नै भएदेखि ब्रम्हचार्य यो विशेषण व्यर्थ हुन्थ्यो । त्यस्तै कैयौ गृह्य सूत्र तथा धर्म सूत्रमा 'नग्निका' को बिबाहको बिधान गरेको पाइन्छ ।

तीस बर्षको अथवा इक्काइस बर्षको युवक नग्निकालाई बिबाह गरी पितृलोक पुगोस् । बाल बिबाहको प्रचलन आपत्कालमा भएको पाइन्छ । चतुर्था द्वत्सरादूर्ध्वं यावन्न दशमात्यायाः तावद् बिबाहः कन्यायः पित्रा कार्यं प्रयत्नतः"

बहुबिवाहः— सामान्यतः वैदिक आर्षमा एकविवाह प्रचलित भए पनि ठाउँमा बहु पत्निको पनि बर्णन पाउंदा बहुबिबाहको प्रथा रहेको रहेछ । तर यो बहुबिबाह राजाहरूमा नै धेरै जसो प्रचलित थियो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किरातीहरूप पनि वैदिक विवाह जस्तै विवाह संस्कार सम्पन्न हुन्छ । किरात मुन्धुमको अनुसार पति र पत्नीको आत्मा पृथक भएता पनि विवाह पछि एकै हुन्छ । यिनीहरूमा धेरै जसो गन्धर्व विवाहको चलन देखिन्छ जुन प्रथा अनुसार विवाह सम्बन्ध हुनु भन्दा पूर्व युवक र युवती एकले अर्कोलाई चिताकर्षक ढंगले आकृष्ट गर्दछन् र दुवै जनाको स्विकृति भएपछि मात्र स्वयंवर जस्तै विवाह संस्कार पुरा गरिन्छ । यस संस्कारमा पतिले पत्नीलाई सिंदूर लगाइदिन्छ र पत्नीको रूपमा स्विकार गर्दछ र जन्मपर्यन्त निर्वाह गर्ने बचन दिन्छ । त्यस्तै मगर र गुरूङ्ग जन्तोमा पनि दिन्दू नियम अनुसार नै विवाह संस्कार गरिन्छ । यिनीहरूमा विवाह विच्छेदको प्रथा पनि पाइन्छ । तर यिनीहरूमा सगोत्र विवाहको प्रचलन देखिंदैन् ।

नेवार जातीमा विवाह पध्दति अर्कै ढङ्गले सम्पन्न हुन्छ । विवाह हुने समयमा बर उपस्थित हुदैन् । कन्यालै नै सबै संस्कार गर्नु पर्दछ । नेवारहरूको यो धारणा छ कि माननीय विवाह पछि विच्छेद पनि हुन सक्दछ । त्यसकारण उनीहरू ६ बर्ष पुगे पछि कन्याको विवाह बेलको फल संग गरिदिन्छ किनभने उनीहरूको अनुसार बेलको फल अविनाशी छ र यो संग विवाह भए पछि पत्नी कहिल्यै पनि विधवा हुदैन् । यसै कारणले यिनीहरूमा विधवा–विवाहको प्रचलन पनि पाइन्छ । वेदमा पनि कन्याको चार पति अर्थात्त चार गुणहरु हुनु पर्दछ भनी उल्लेख गरिएको पाइन्छ यी चार गुणहरुमा सोम–सहनसिलमा, गन्धर्व बिभिन्न ललित कलाको ज्ञान, अग्नि योबन र चौथो मनुष्य पति ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रो संस्कृति, धर्मर साहित्य को निधि

वेद

लेखक—प्रियदर्शन शर्मा वि, एड, एम. ए. (फाइनल)

वेद भन्नाले यहाँ ऋग्वेद सित सम्बन्ध छ। किन कि ऋग्वेद अन्य मुलुकको प्राचीन ग्रन्थ भन्दा धेरै पुरानो मानिएको छ र अरू तीन वेदहरूमा पनि ऋग्वेद कै मन्त्रहरू समावेश गरिएका छन्। त्यसैले भनिएछ पनि "तस्माद्यज्ञात्सर्वहुत ऋचः.... जज्ञिरे"। तर आज सम्म यस वेदको समयको कुनै ठिक ज्ञान गर्न सकिएको छैन। तथापि पुरातत्व तथा इतिहासको सहायताले रिग्वेदको अधिकांश भाग २—३ हजार वर्ष इ. पू. स्थिर गरिएको छ। भूगर्भको आधारमा ५०,००० देखि लिएर ७५,००० वर्ष सम्म लैं जाने चेष्टा गरिएको छ। यसै गरि ज्योतिष शास्त्रको आधारमा लोक मान्य तिलक तथा प्रसिद्ध जर्मन बिद्वान याकोबीले ४,५०० वर्ष इ. पू. स्थिर गरेकाछन्। चाहे जेहोस् ऋग्वेद हामी हिन्दू जाती को परम्परा आदर्श सांस्कृतिक सम्पत्ति हो। आधुनिकतमका जत्ति पनि नवीन वैज्ञानिक तथा तर्क पूर्ण विचार धाराहरू छन् प्रायः ती सबै हामी रिग्वेदमा प्रचुर मात्रामा पाँउदछौं।

यो स्वतः सिद्ध छ कि ऋग्वेद देवस्तुतिहरूले भरिएका छन्। तर आजकल ती स्तुतिहरू प्रति हास्यापद ठान्ने पनि चलन जस्तो भई सकेको छ। यो खेद लाग्ने कुरा हो। २७ सए वर्ष अगि यास्कले आफ्नो निरूक्तमा देवताको अर्थ "देवो दानाद् द्योतनाद् दीपनाद् वा"। बैदिक आर्यहरुको विश्वास थियो कि रुद्र, अग्नि, सूर्य आदि प्राकृतिक तत्वमा अद्भूत शक्ति, ऐश्वर्य र प्रभूता भएकोले र ती शक्ति द्वारा नै सृष्टिको समस्त क्रिया सञ्चालन भएको हो, यसकारण ती तत्वहरुलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

चेतना शक्तिमय देवता मानेर उपासना गरे। आजको युगमा कसैले प्राकृतिक शक्ति मान्दछन भने हामी हिन्दूजातीले ईश्वरीय शक्ति मान्नुमा कुनै आपत्ति देखिंदैन र यसैमा हामी नेपालीको गौरव र बिशेषता झल्किन्छ। केवल शब्द भिन्न मात्रै हो, वास्तवमा सबैले शक्ति मानै आस्था राख्न करलाग्दछ। यसैले "एक सत् विप्राः वहुधा वदन्ति" यास्कले देवता बिषयलाई लिएर अर्थ गर्नको लागि तीन श्रेणीमा विभाजन गरि (१. पृथ्वी स्थानीय, २. द्युस्थानीय ३. अन्तरिक्ष स्थानीय) सुगम तरिका वताएका छन्। पृथ्वीस्थानीय प्रधान देवता अग्नि हुन्, अन्तरिक्ष स्थानीय वायु वा इन्द्र (विद्युत) र द्युस्थानीय सूर्य हुन्। त्यसै "तासाँ महाभाग्यात् एकैकस्याः अपि वहूनि नाम धेयानि भवन्ति" अर्थात् अत्यन्त महिमाको कारणले भिन्न नाम पनि सक्दछ।

वेदमा जति पनि उल्लिखित कुराहरु छन् प्रायः ती सबै प्रतीकको रुपमा छन् त्यसैले वेदार्थ गर्दा आध्यात्मिक, याज्ञिक अर्थमात्र नभई नराशंसा (मनुष्य सम्बन्धि) प्रति पनि अर्थ गर्नु पर्दछ। अग्निको अर्थ केवल भौतिक अग्निमात्रै नभएर ज्ञानको प्रतीक हुन आउँदछ र मनुष्य सम्बन्धि अर्थ गरेमा अग्नि एक अगुणी (नेता) को रुपमा पाँउदछौं। हुन पनि ज्ञान बिनाको नेता असफल हुन्छ। यस्तै बैदिक समयमा 'पर्वत' को अर्थ पहाड न भएर 'मेघ' नाम भएको छ। "ये इँह्वयन्ति पर्बतान्" (हावाले वादल छितर पारि दिन्छ) तर आजकल पर्वतको अर्थ पहाड र मरुतको अर्थ इन्द्र मानेर इन्द्रले पहाडको पखेटा काटि दिए भन्ने कथा बन्यो र त्यसैको आधारमा असम्भव तर्कहीन कुरा भन्न थाले तर बास्तविक अर्थ अर्कै छ। फेरि अग्निलाई 'अपांनपात्' (जलोत्पन्न) भन्ने तर्क पट्टि आपत्ति देखाई पानीमा अग्नि निवास

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

असम्भव पनि सम्झे तर आज हाम्रो अगाडी बिजुली बत्ति आँखाको अगाडी छ।

वैदिक कालको सामाजिक तथा आर्थिक अवस्था तथा उद्देश्य नीति प्रति ठूलो विचार गरिन्थ्यो। "ब्राम्हणेस्य मुखमासीद्बाहू राजन्यः कृतः...." आदिबाट शिक्षाको नीति वर्णव्यवस्थाद्वारा गरिन्थ्यो, जुन व्यावसायिक शिक्षाको द्योतक हो। यसबाट हामी यो पनि भन्न सक्दछौं कि बिद्वान कदर हुन्थ्यो र राष्ट्र उत्थानको लागि चारै वर्णको अत्यावश्यक सम्झिइन्थ्यो। समानताको आधारमा उच्च समाजवादको झलक हामी पाँउदछौं "परितृन्धि पणीनामारया हृदया कवे...." (हे पूषण पैसाको गोठालोको हृदयलाई आराले चिर.....)। यस्ता उच्चतल बिचार धाराहरु हामी हाम्रै ढुकुटीमा पाँउदछौं अरु बिभिन्न बादमा खोज्न जानु पर्दैन।

वेदसा हामी जहिले पनि मरुतको प्रार्थना गर्दा अग्निको साथै प्रार्थना गरिन्छ "मरुभ्दि अग्न आ गहि"। मरुत्को अर्थ हावा मात्रै नभएर एक सबल सैनिक शक्ति मानिन्छ जुन शक्तिमा ज्ञानको अत्याव-श्यक हुन्छ। केबल ज्ञानको नारा 'अहिंसा परमो धर्म' मात्रैले राष्ट्र उन्नत हुम गाह्रो हुन्छ। शक्तिले ओत प्रोत भएको ज्ञानले के के गर्न सक्दैन। त्यसैले वेदमा मरुत् र अग्निको उपासना एकै साथ गरिन्छ। यो हो हाम्रो हिन्दू धर्मको दर्शन र वेदको सन्देश। यसैले वेदमा शक्ति पूजा गरिन्छ र यै शक्ति की स्वरुप धारिणी को रुपमा हामी भगवती को मूर्ति हाम्रो सामू देखा पर्छिन। भनिन्छ "या देवी सर्व भूतेषु शक्ति रुपेण संस्थिता—" चण्डी। बिभिन्न प्रकारका हाथ हथियारहरु भगवतीको हातमा देखापर्न आएका कारण बिभिन्न व्यक्ति, समुदाय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा राष्ट्रको एकताको प्रतीक हो र ती विभिन्न व्यक्ति, समुदाय, राष्ट्रमा निहित हाथ हथियारहरु हुँन, जुन एकताको प्रबल शक्तिको झलक हो। यिनै भगवतीको मूर्तिको प्रतीक बुझेर हामी एक साथ जुटेमा देशको प्रगती हुन केही वेर छैन र हामीलाई कसैले फुटाउन सक्दैन। वैदिक आदर्श बुझेकोले नै नेपालले आफ्नो अस्तित्व कायम राख्यो र राख्ने छ।

❀ ❀

" मल्लवंशको अभ्युदय "

—ले. ऋद्धि बाबा राज भण्डारी एम. ए. (प्री)

मल्लराजाहरुले पुरानो वंशका राजाहरुबाट शासनाधी कार कुन परिस्थिति मा प्राप्त गरे शिशिचत रुपले निर्धारित गर्न हामी सित पर्याप्त साधन छैन। मल्लराजाहरुको अभ्युदय कसरी भयो एउटा विवादास्पद प्रश्न छ। यस विषयमा इतिहासकारहरुको विचमा निकै मत बिभिन्नता छ। त्यसकारण मल्लराजाहरुको उत्पतिको विषयमा एउटा निश्चित धारणा बनाउनु बिल्कुलै कठिन छ।

कुनै इतिहासकारको मत अनुसार मल्लराजाहरु भारतको कुनै प्राचीन वंशका सदस्यहरु थिए। करिब २६०० वर्ष अगी तिनीहरुको राज्य तराई प्रदेशमा स्थापित भएको थियो। कुशीनगर र पावा प्रमुख नगरहरु थिए। ४०० ई. पू. को कौटिल्य अर्थशास्त्रमा पनि पाइन्छ। मल्लहरुको राज्य नेपालको पच्छिमी क्षेत्रहरु सम्म पनि फैलिएका थिए। तेर्‍हौं शताब्दी तिर मल्लहरुको राज्य पच्छिमी "डुल्लु" मा विशाल र शक्तिशाली थियो भन्ने वर्णन पनि पाउँछौं।

अधिकाश वशावलीहरुको मत अनुसार मल्लहरुको उत्पति अरिदेव राजाको समयमा भएको थियो। राजा अरिदेवले सर्व प्रथम

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मल्लको उपाधी ग्रहण गरेका थिए, तर कुनै वंशावली अनुसार अरिदेवको पुत्र अभयमल्लको पाला देखि 'मल्ल' को उत्पति भएको हो, अरिदेवको वखत देखि होइन ।

रौाइटको रायमा भने अरिदेवले नै मल्लको उपाधि लिएका थिए। राइटले यो तथ्यलाई "श्री अरिमल्लदेवस्य विजयराज्ये" भन्ने पंक्तिबाट प्रमाणित गरेका छन् ।

धेरै इतिहासकारहरूको कथन यो छ कि मल्लहरू भारतभूमिबाट नै नेपाल इलाका भित्र पसेका थिए र तिनीहरू आउनमा कुनै खास राजनैतिक कारण थियो। जसरी गुप्तवंशका राजाले शासनाधिकार प्राप्त गर्दा लिच्छवीहरू नेपालभित्र पसेका थिए, त्यसै प्रकार मल्लहरूलाई पनि भाग्नु पऱ्यो र गण्डकी क्षेत्रतिर बसोवास गर्न थाले। जसको वर्णन मानदेवले ५ शताब्दीको चाँगुनारायणको शिलालेखमा पनिपाइ-न्छ। कौटिल्य तथा मनुस्मृति जस्तो प्राचीन भारतीय ग्रन्थमा मल्लहरूको नाम लिच्छवीहरूको नाउँ संगसंगै वर्णन गरिएको छ र तिनीहरू क्षत्रिय वंशका हुन् भन्ने कुरा निम्न लिखित पंक्तिहरूबाट स्पष्ट हुन्छ

"झल्लो मल्लश्चराजन्यादव्रात्यान्नि च्छिविरेव च ।
नटश्च करणश्चैव खसो दविड एवच ।"

'महापरिनिर्वाणसुत्त,' बौद्ध ग्रन्थबाट हामीलाई ज्ञात हुन्छ कि मल्लहरूको एउटा सामन्ती संगठन थियो र तिनीहरूको इलाका लिच्छविहरूको प्रदेशसँगै जोडिएको थियो। गौतम बुद्धले पनि मल्लहरूको सद्गुण र साहसको सम्बन्धमा वर्णन गर्नु भएको थियो। उनीहरूको नाम महा-भारतमा पनि कोशलको नाम संगसंगै उल्लेख गरिएको पाइन्छ। यस प्रकार यो स्पष्ट हुन्छ कि मल्लहरू नवआगन्तुक थिएनन्, पाँचौ शताब्दीको चाँगुनारायणमा रहेको मानदेवको शिलालेखमा मानदेवले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मल्लहरूलाई हराएको कुरा लेखिएको छ। यो शिलालेखको आधारमा लेभिले मल्लवस्ति र मल्लबुङ्गको विचमा रहेको घनिष्ठ लम्बन्धको वर्णन गरेका छन्।

शिवदेव र जिष्णुगुप्तको शिलालेखहरू अनुसार मल्लराजाहरुले देशको सुरक्षा र कर (उपहार) को प्रयोजनको लागि आफ्नो प्रजाहरुप्रति "मल्लकर" लगाएका थिए।

कर्क पेट्रिकको इतिहास अनुसार तिन विभिन्न वंशका व्यक्तिहरू मल्लवंको नामले प्रख्यात थिए। ती तिन वंशहरु निम्न लिखित हुन्।

१. मूल मल्लवंश—यी वशको उत्पत्ति जथश्री वा श्री मल्लका छोरा अरिमल्लबाट सन् १२०० इ. मा भएको थियो र यसको अन्त सन् १३४४ इ. मा जयारिमल्लको अवधि र सन् १३४७ इ. मा नायक—देवीको अवधिको समाप्तीको साथसाथै भयो।

२. जय भिममल्लको वंश—यो वंशले सन् १२५८ इ. देखि शासन गर्न थाल्यो सायद यो वशको मल्लवंशसित कुनै सम्बन्ध नै थिएन कि?

३. जयस्थितिमल्ल र उनका उत्तराधिकारिहरु—यिनीहरु पनि खास मल्लवंशका थिएनन्।

अधिकाँश इतिहासकारहरुको मत अनुसार अरिमल्ल नै मल्लवंशका प्रथम शासक थिए।

पर्सिभल लण्डनको राय अनुसार पनि मल्लहरु प्राचीन समयदेखि नै भारतका जातिहरु मध्ये एक थिए। कर्नाटक राज्यका गान्यदेवले मल्ल राजाहरु निस्कासित गरि शाके सम्बत् चलाए भन्ने कुरा पनि हामी पाउँछौ। तेह्रौं शताब्दीतिर मल्लहरु काठमाडौंमा र पाटनमा बसोबास गर्न थाले।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यी सबै माथिका तथ्यहरुबाट यो प्रमाणित हुन्छ कि मल्लहरु ब्रात्य क्षत्री वंशको नै थिए र तिनीहरु प्राचिन तथा शक्तिशाली जातिहरु मध्येका थिए। तिनीहरुको आफ्नै अस्तित्व थियो। कुनै खास राजनैतिक कारणले गर्दा तिनीहरु नेपाल भित्र पसेका थिए। गुप्तवंशको अभ्युदयको साथसाथै कुशिनगरका मल्लहरुलाई गण्डकीतिर आफ्नो खेमा बनाउन बाध्य गऱ्यो। यसरी नेपालमा मल्लहरूको अभ्युदय भयो।

नेपाल संवतः

लेखिका सुभद्रा श्रेष्ठ (एम. ए. छात्रा)

डाक्टर भगवानलाल इन्द्रजीले प्रकाश गर्नु भएको वंशावलीमा ठकुरी वंशको राजा अभय मल्लको छोरा जयदेवमल्लले नेपाल संवत सुरू गरेको हो भनि लेखिएको छ। जयदेव मल्लले कान्तिपुर, ललितपटन र यसको नजिक को इलाकामा राज्य गर्द थे। उनको भाई आनन्द मल्लले भक्तपुर का सहरहरूमा राज्य गर्दथे। जब यी दुबै दाज्यु भाईहरू आफ्नो, राज्य काठमाडौ र भक्तपुरको सहरहरूमा राज्य गरिरहेका थिए त्यसवेला ने. सं. ९ र शाके संवत् ८११ श्रावण सुदी ७ मा दक्षिण भारतको राजा नान्यदेवले कर्णाटक वंश खडागरी नेपालमा प्रवेश गरे जयदेव र आनन्ददेब तिरहुत तिर गए, यो भनाई अनुसार शाके सं ९ लाई ने सं ८११ कटाइहेर्दा ८०२ बर्षको फरक हुन आउदछ।

जनरल कनिङ्घम लेख्नु हुन्छ कि राजा राघबदेब ले ८८० A. D. मा यो संवत सुरू गरेको थियो राघबदेव को नाउ डा. भगवान लाल इन्द्रोले प्रकाश गर्न भएको वंशावलीमा पाइएला अथवा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अंग्रेजी साहित्यमा लेखिएका पहिले पहिलेका किताबहरूमा पनि पाउन सकिन्छ तर जयस्थिति मल्लको समयमा लेखिएको हस्त लिखित किताबमा प्रोफेसर भन्डारकरले राघवदेव को नाम उल्लेखित गर्नु भएकोछ। नेपालकोराजाको हाल लिखित संस्कृत किताब राम्रोरी बुझी हेर्दा र आखिरमा लेखिएको संवत हेर्दा राघवदेवले नै नेपाल सम्वत सुरु गरेको देखिन्छ। डा. भगवानलाल इन्द्रजीको वंशावली अनुसार राजाजयदेव ८८० A.D. सम्म बाचेको थियो तर यस्को ठीक समय १२५२ र ६०A.D. को विचमा पर्दछ।

दामोदत्त पन्तले लेख्नु भएको 'नवरत्न' भन्ने लिखित किताब नेपालबाट प्रकाश गरेकोछ। यस लिखित पुस्तको अन्त्यमा हामीले शाके सं १६०७ र ने. सं ८०६ पाउदछौं।

दामोदत्त पन्तको उक्ती अनुसार शाके सं १६०७ बाट नं. सं ८०६ कटाउदा ८०१ बर्षको फरकहुन आउदछ। यहा यस्तो भन्न सकिन्छ कि नेपालमा ने. सं सुरु हुनु भन्दा पहिले गुप्त सं. प्रचलित थियो र पछि यस्को सट्टा हर्ष संवत प्रयोग गरियो (व्युत्पर) डाक्टर फ्लिहर्नले नेपालको शिलालेख र नेपाली लिखित पुस्तकहरु जाँचि हिसाववाट महिना तिथि पक्ष नक्षत्र इत्यादी गनेर हेर्दा नेपाल संवत 28th oct. 879 A. D. मा सुरु गरेको कुरा पाउदछौं। (Indian Antiqujty)।

ने. सं. को महिनालाई अवान्त र वर्षलाई खास गरेर गत लेखिन्छ। थो संवत पृथ्वीनारायण शाहको बिजय को समय सम्म प्रचलित भयो। पृथ्वीनारायण शाहको 1768 A. D. मा मल्ल राजाहरु माथि विजय पछि पृथ्वीनारायण शाहले शाके सं. प्रयोग गरे। तर आज सम्म नेपाल संवत धार्मिक रीतिरिवाज नेवारी पत्रिकाहरूमा लेख्ने प्रचलित छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बौद्ध कलाको देन

ले. सानी मैयां कार्की एम. ए. (छात्रा)

बौद्ध विचारधारा र संस्कृतिको प्रसार मध्य एशियामा भएको थियो। विद्वानहरुको मताबुसार बौद्धकालीन युग र पैथागोरसकालीन युगमा न केवल वस्तुको आदान प्रदान भएको थियो अपितु विचारको पनि। प्रारम्भ कालमा मातृदेवीका मूर्तिहरु सिन्धु गाटिमा र नेपालमा पनि पाइएका छन्। लुम्बिनीमा अशोकको पत्थरको विशाल स्तम्भ माथि सिंहको मूर्ति पाइएको छ। प्रायः नेपाल र भारतका स्तम्भहरुमाथि सिंह, घोडा, सांढे आदि बनाउने शैली (ढङ्ग) मेसोपोटामियामा पनि पाइन्छ। यो हेरेर विद्वानहरुको विचार छ कि यस कलाको प्रभाव सुमेरिया, असिरिया इरान र यूनानबाट आएको हो, तर भारत नेपालका मन्दिरहरुमा उच्चकलाको नमूना पनि पाइन्छ। काठ, धातु, पत्थर, टराकोटाको कलात्मक नमूनाहरु भेटिन्छन् जो नेपाल र भारतको उच्च कलाको परिचय दिन्छ।

बौद्धयुगको अगाडि हामी ब्रह्मा, सूर्य, इन्द्र, कुवेर, लक्ष्मी, यक्ष, आदि देव देवीहरुको प्रतिमा पाउछौं। बौद्धकलाको अन्तराष्ट्रिय रुप हामी गन्धारशैलीमा पाउँछौं। मिलिन्ददेखि कानिष्कसम्म विदेशी शासक बौद्ध धर्मको प्रभावले गर्दा बौद्धकला संस्कृतिका अनुयायी बने। ईसा पूर्व दोस्रो शताब्दीका कार्ले, नासिक आदि चट्टानहरुलाई काटेर बनाएका मन्दिरहरु बौद्धकालीन कलाको उच्च नमूना हुन्। त्यस बखत भारतको रोमन साम्राज्यसंग व्यापारिक सम्बन्ध थियो। यसकारण रोमनका मुद्रा र अन्य कलात्मक वस्तुहरु भारतमा पाइनु स्वाभाबिकै हो। रोमन कलाको प्रभाव इरान, चीन र भारतमा पनि पर्‍यो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दक्षिण भारतको अमरावतीको कलाशैली भियतनाम, कम्बोडिया, इन्डोनेशिया सैलीवस द्वीपको मूर्तिकला र शिल्पकलामा पनि भेटिन्छ। जाबामा बनाएको सवैभन्दा ठूलो बौद्ध मान्दिरले हिन्द चीन (Indo China) को कलालाई प्रभावित पारेको छ। हिन्दुबौद्ध धर्म जस्तै कलाले पनि दक्षिण पूर्व एशियामाथि ठूलो प्रभाव पारेको छ। एशिया भरिमा गणेशजीको मूर्ति पाइनु यस कुराको ठूलो प्रमाण हो।

लिच्छवी कालीन शासन, सभ्यता, समाज र धर्म

—श्री लीलाराज श्रेष्ठ

लिच्छिवी कालीन नेपालमा शान्ति सुव्यवस्था भएको, देशमा कृषि र व्यापारको वृद्धि भएकोले आर्थिक संवृद्धि भएको थियो। फलस्वरूप सांस्कृतिक उत्थान पनि चरम सीममा पुगेको कुरा यहाँ निर्मित भएर चीन र भारतसम्म फैलिएको प्यागोडा र चैत्यशैलीको वास्तुकला, रासायनिक प्रयोगद्वारा राखिएका धातुलेप सहितका अत्यन्त सुन्दर प्रस्तर मूर्तिहरू मानगृह, कैलाशकूट औं भद्राधिवास जस्ता राजमहलहरू, व्याकरण शास्त्रको प्रतिपादक भाषा (संस्कृत) को प्रौढता इत्यादि सम्पूर्ण कुराहरू तत्कालीन सांस्कृतिक उत्थानका द्योतक हुन्।

त्यसवेलाका धार्मिक सम्प्रदायहरू शैव र बौद्ध धर्ममा त्यसवेलाका राजादेखि रकसम्मको समदृष्टि र समान श्रद्धा हुनु—त्यसवेलाको उन्नत समाजको प्रतीक हो। राजाबाट दुवै सम्प्रदाय पूजिएको—औ दुवै सम्प्रदायका धार्मिक स्थलहरूमा राजावाट—गुठीहरू राखिएकोबाट पनि यो कुरा प्रमाणित हुन्छ औ आजसम्म दुवै सम्प्रदायका जनताले पूजिएका देव देवीहरुको उपस्थितिबाट जनताको धार्मिक सहिष्णुता अझै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भल्किन्छ । पशुपतिलाई बुद्धको रुपमा मानिए झैं मञ्जुश्रीलाई सरस्वतीको रुपमा प्राचीनकालदेखि नै मानि आएका छौं । यो पनि लिच्छवी कालकै देन हो ।

यसरी यी सबै कुराको उन्नति हुनाको कारण त्यसवेलाको शासन प्रणाली हो र त्यो शासन प्रणाली पञ्चायत पद्धतिमा आधारित थियो । यस सिलसिलामा इस्वी सन् सातौं शताब्दीको लिच्छवी कालको राजभवन कैलाशकूटवाट खिप्रुङ्ग गाउको पञ्चहरुको नाउंमा जारी गरिएको आदेश उल्लेख गरिएको लिच्छवीकालको एउटा शिलालेख अघि सार्न सकिन्छ जसद्वारा त्यसवेलाको शासन व्यवस्था पञ्चायती पद्धतिमा आधारित भएको कुरा प्रमाणित हुन्छ ।

त्यस्तै लिच्छवी राजा शिवदेवको समयका महासामन्त अंशुवर्माको सम्वत् ५२६ को लेम्बटो (अहिलेको लेले) को शिलालेखमा तत्कालीन पञ्चायतको विभिन्न विभागहरु र तिनीहरुको कार्य विभाजनको समेतको उल्लेख पाइन्छ ।

यो शिलालेख अनुसार यसमा उल्लिखित पानीय गोष्ठीका तत्कालीन पञ्चायती पद्धतिको प्रशासनको एउटा विभाग थियो । यो पानीय गोष्ठीका विभाग एक किसिमले पानी विभाग नै थियो र यसले देशको नाउँ जिल्लाहरुमा पिउने पानीको व्यवस्था मिलाउदथ्यो । त्यस्तै प्रदीप, धूप, अर्च्चा र ध्वज इत्यादि गौष्ठिकहरुले अर्को शब्दमा विभागहरुले मन्दिरहरुमा धूप, दीप बाल्ने, विभिन्न समयहरु देव देवीहरुको पूजा अर्चना गर्ने ओ ध्वजा पताकाहरुको व्यवस्था मिलाउँदथे । उपरोक्त सबै गोष्ठकहरु (विभागहरु) तत्कालीन पञ्चायती शासनकै अङ्गहरु थिए।

त्यतै नाट्य गौष्ठिकले विभिन्न किसिमका मनोरंजनहरू नाचगान इत्यादिको व्यवस्था गर्दथ्यो, मल्ल युद्ध गोष्ठिले खेलको व्यवस्था

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गर्दथ्यो, (जस्ले तत्कालीन लोकप्रिय खेल केथियो भन्ने कुराको भलक दिन्छ), खेती व्यवसायको उत्थानको लागी चाहिने साधन, नहर कुलो, कुवा, पोखरा, इनार इत्यादिको निर्माण पानीय गौष्ठि र प्रणाली गौष्ठिहरू द्वारा गरिन्थे। यसरी स्थानीय वा क्षेत्रीय विकासको लागि तत्कालीन पचायती शासन व्यवस्थामा त्यस ताका ग्राम वा जिल्लाका पंचायतहरूमा उपरोक्त विभागहरू रहन्थे जस्ले आफ्नो क्षेत्रीय विकासमा सक्रिय भाग लिन्थे।

त्यसवेला विभिन्न प्रमुख विषयहरुमा अन्तिम निर्णय राजाबाट गरिन्थ्यो औ पिउने पानी, खेतीको निमित्त कुवा, कुलो, इनार पोखरी इत्यादिको प्रबन्ध गर्नु (कूप जल द्रवाणका) र तत्संवन्धी मुद्दा मामिलाको फैसला पञ्चायतबाटै गरिन्थे भन्ने कुराको पुष्टि अंशुवर्माकै शिलालेखमा अंकित "राजभिः अन्तरासनेन विचारः करणीयो" भन्ने वाक्यांशबाट हुन आउछ। त्यसवेलाको पञ्चायत शासन पद्धतिको पुष्टि स्वरूप तत्कालीन लिच्छवी राजा जिष्णुगुप्तले नुप्पुन्नदुङ्ग (वर्तमान प. १ नं केवलपुर वसाहा डांड) का प्रधानपञ्च सहित कुटुम्बी कवीलाहरूलाई गरी दिएको आदेश रहेको शिलालेखलाई अधिसार्न सकिन्छ।

यसै सिलसिलामा हाल म्यूजियममा रहेको "अंशुवर्मा" का शिला लेखबाट पनि लिच्छवी शासन प्रणाली पञ्चायती पद्धति नै आधारित थियो भन्ने कुरा जनाउछ। किनभने यस लेखमा अंशुवर्माले प्रधानपञ्च र कुटुम्बिहरूलाई सम्बोधन गरेछ।

फेरि अंशुवर्माकै भक्तपुर खोपासी र गोलपढी टोलको अभिलेख हरूमा पनि ग्राम पञ्चायतहरूलाई विभिन्न किसिमका अधिकार र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुविधाहरू प्रदान गरेको उल्लेख पाइन्छ। लिच्छवी राजा नरेन्द्रदेव (जो मानदेव पछिका राजाहरूमा प्रतापी राजा थिए) को अभिलेख अनुसार तत्कालीन नेपालमा करहरू असूल गर्दा पञ्चायतकै माध्यमबाट गरिन्थे भन्न कुरा थाह हुन्छ। त्यस बेलाको ग्राम पञ्चायतले 'अक्षय निधी' कहिल्यै क्षय नहुने कोष (आधुनिक बैंक जस्तो) को काम गर्दथ्यो र यसबाट त्यस बेलाका मानिसलाई लेनदेनको काममा ठूलो मद्दत पुऱ्याएको थियो।

यसरी यी सबै उल्लेखहरूबाट यही सिद्ध हुन्छ कि लिच्छवी प्रशासन पञ्चायती पद्धतिमा चलेको थियो।

दक्षिण–पूर्व एशियामा हाम्रो संस्कृतिको देन

महालक्ष्मी न्यौपाने एम. ए. (छात्रा)

एशिया महाद्वीपका देशहरूमा हिन्दू तथा बौद्ध संस्कृतिको प्रभाव कत्तिको रहेछ भन्ने कुरा ती देशहरूमा रहेका प्राचीन शिला–लेख, त्यहाँका जनताको आचरण, व्यवहार परम्परा रीति–स्थिति आदि विभिन्न कुराहरूबाट स्पष्ट हुन्छ।

कम्बोडियाः–यहाँको खुदाइमा शिव, उमा, शेषशायी विष्णु ब्रम्हा, गणेश, स्कन्द, नदी र बुद्ध आदिका प्राचीन मूर्तिहरू छन। यहाँ शिव र विष्णुको मन्दिरमा प्रवेश गर्दा छाता नउघारिकन प्रवेश गर्ने चलन थियो। यहां हिन्दूहरूको झैं श्राद्ध गर्ने, काकवलि दिने र विद्यार्थीलाई भोजन गराउने चलन छ। यहाँ शैव धर्मको प्रधानता पाइन्छ। अङ्गकोरको महान मन्दिर कम्बोडियाको प्रदेशमा पर्दछ। त्यस विशाल मन्दिरमा संस्कृतको शिलालेख रामायण र देवासुर संग्रामका चित्रहरू र ब्रम्हा विष्णु महेशका मूर्तिहरू पाइन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

थाइलैण्ड— थाइलैण्डमा हिन्दू संस्कृति र संस्कृत भाषाको प्रभाव स्पष्ट पाइन्छ। यहाँका जनता बौद्ध छन्। यहाँ ब्राम्हण (फ्रान्) पुरोहित हुन्छन्। यहाँ त्रिमूर्तिका विशाल मूर्तिहरू पाइन्छन्। यहाँका राजाहरूलाई रामको उपाधि दिइन्छ। यहाँ राजकीयपदहरू सस्कृतका अपभ्रंश शब्दमा छन्। जस्तै प्रधानमन्त्रो=मोन्त्री, अमात्य=अमंच, पुरोहित=परोहित, अग्रमहिषी=अकख महेसी, इत्यादि।

चम्पा— (अनाम)— चम्पा देशलाई हाल अनाम भनिन्छ यहाँ प्रायः सबै शिलालेख सस्कृत भाषामा पाइन्छन्। यहाँ हिन्दू र बौद्ध मन्दिरहरू संग संगै रहेका छन्। यहाँको हिन्दू र बौद्ध धर्ममा विलकुल नेपालको झैं मेल मिलाप पाइन्छ।

फिलिपाइनः—फिलिपाइनमा हिन्दू प्रभाव मलाय। जावा र अरू द्वीपबाट आयो। हिन्दूहरूले मानिसको जीवनमा नजीकबाट प्रभाव पारे। फिलिपाइनका मानिसहरूको भाषा र बोलचालमा धेरै सस्कृतका शब्दहरू पाइन्छन्।

बोर्नियो— बोर्नियोका मूल निवासीहरूको आचार पनि वाली यवद्वीप (जावा) का मानिसहरूको जस्तै थियो। अहिले पनि सती प्रथा र पतिको सेवा गर्ने चलन आदि धेरै कुरा त्यहाँ पाइन्छन् अझै यहाँ धेरै मन्दिरहरूको चिन्ह भेट्टाइन्छ। १० शताब्दी सम्म मृत शरीरलाई दाह गर्दथे। यहाँको गानामा अहिलेसम्म पनि रामायण र महाभारतको प्रभाव पाइन्छ। बोर्नियो निवासीहरूको आचार व्यवहार भाषामा एवं त्यहाँका मन्दिरहरूमा हिन्दू धर्मको छाप स्पष्ट झल्कन्छ।

जापानः— जापानका मन्दिरहरूमा धर्मचक्र, मणिबन्ध, कमलदल एवं ताण्डवचित्र आदि अङ्कित छन्। मन्दिरका गुम्बज-हरूमा कलश र चक्र अङ्कित भएको छ। मन्दिरमा घण्टाहरू

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बज्दछन् । यहाँ सैकडौं चित्र हिन्दूका किसिमका छन् । जापानी भाषामा सस्कृतको जस्तो व्यंजन अक्षरमा स्वर लाग्दछ । जापानीहरू बौद्ध धर्मका अनुयायी छन् । नेपालमा झैं जापानमा धार्मिक सहिष्णुता पाइन्छ । यहाँ मृत व्यक्तिको आत्मालाई परलोकमा मङ्गल प्राप्तिको निमित्त पुरोहितले धूप, दीप, फल आदिले पूजा गर्ने चलन छ । जापानीहरूको सिद्धान्त गीताको 'जातस्यहि ध्रुवो मृत्युः' 'जन्मेको अवश्य मर्छ' भन्ने सिद्धान्त संग मिल्दछ । त्यसैले जापानीहरु कोही मर्‍यो भने रुने र ज्यादा शोकातुर हुने गर्दैनन् । ब्राम्हणहरुको झैं यहाँ पनि जापानी आचार्य सामाजिक सस्कार गराउँछन् ।

चीन— चीनमा पनि हिन्दूहरुको झैं सूर्यलाई अर्घ दिने र पितृहरुको श्राद्ध गर्ने चलन पाइन्छ । यता पहिले सती प्रथाको चलन थियो । संस्कृत ग्रन्थहरुको चीनियाँ भाषामा अनुवाद गर्ने हिन्दु बौद्ध विद्वानहरुमा मैत्रेय, अश्वघोष, नागार्जुन बसुबन्धु; स्थिरमति, कुमारजीव आदि प्रसिद्ध छन् ।

किरात लिपिको आविष्कार

लेखकः— ईमान सिंह चेमजोंग

ईशाको नवमी शताब्दी पूर्व नेपालमा किरात वंशी राजाहरु सबै स्वतन्त्र भै आपसमा युद्ध गर्ने थाले । गलिजंगाको तात्ति शिरिजंगाले स्वतन्त्र भएका सबै राजाहरुलाई आफ्नो अधिन तुल्याए । देशमा शान्ति स्थापना भै सकेपछि उनले पुराना ग्रन्थहरु जम्मा गरी एक अर्कै लिपिको अविष्कार गरी किरात देशमा विद्या प्रचार गरे । यस लिपिलाई शिरिजंगा लिपि बन्दछन् ।

सरस्वती देवीले राजा शिरिजंगालाई शिलालेख देखाई भनिन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिरिजंगा सुन । आकाश, पृथ्वी घाम, जुन तारा—सारा सृष्टिका मालिक निङ्गवाफुमा (परमात्मा) हुनु हुन्छ । उवांको साथ साथ रहने ज्ञान बुद्धिकी रानी, निसाम माङ (सरस्वती देवी) मैं हुँ । परमात्माले मेरै बुद्धिको आधारमा सारा सृष्टिको रचना गरेको हुन । संसारका मानिसहरुलाई म ज्ञान बुद्धि प्रदान गर्दछु । जस्ले मेरो भक्ति गर्छ उसलाई म माया गर्छु । ज्ञानी विद्वान बनाउछु । मैले तेरा वंशलाई विद्यादान दिने कोशिश गरेकी हुँ । तर तेरा वंश खाली लडाई झगडा रुचाउँछ । कतिपल्ट शिक्षा प्रचार गरे । तर लडाई झगडाले गर्दा विद्याको केही मान्यता भएन । मेरो चाह भएन । मेरो मन भांचिएर यो किरात देश छोडी म तिब्बत देश गएँ, उपदेश दिएँ । उनी हरुले मेरो भक्ति गरे । म संग ज्ञान बुद्धि मागे । मैले तिनीहरुलाई यही शिलालेखको विद्या दिएँ । आजकाल यसलाई तिब्बती लिपि भन्दछन् ।

अहिले तैंले मेरो भक्ति गरिस । म संग ज्ञान बुद्धि मागिस । म खुशी भएँ । शिरिजंगा सुन । शुद्ध मन गरिस भने परमत्माको दर्शन पाउने छस् । सबै संग मिलि बसिस् भने देववंशीमा गनिने छस् । जस्ले मलाई खोज्छ, उसले मलाई भेटछ । तैंले मलाई तनले मनले खोजिस् र भेटिस् । आज म तलाई अन्तिम शिलालेख प्रदान गर्छु । लेख्नू, पढनू र आफ्ना देशमा लगी सारा वंशसाई सिकाउनू । यति भनी सरस्वती देवीले शिरिजंगा राजालाई शिलालेख पढने ज्ञान—बुद्धि दिनु भयो । शिरजंगाले त्यो शिलालेख पढी अर्को शिलामा त्यसलाई सारेपछि उनलाई त्यस ओंडारको भित्रि कोठाबाट वाहिर लगी उनकै दरवारको छेउ सम्म पुऱ्याई सरस्वती देवी अर्न्तध्यान हुनु भयो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा शिरिजंगाले प्रजावर्गलाई सरस्वतीको उपदेश सिकाए । यौंजंगाले सारा देश घुमी घुमी विद्या प्रचार गरे। राजा शिरिजंगाको शिक्षाको मूल मन्त्र नै अनुशासन थियो । उनले सिकाएको धर्म शिक्षा किरात समाजमा अध्यावधि प्रचलित छ । उनको मृत्यु पश्चात उनको अनुगामीहरुले उनलाई धर्म गुरु अथवा देव अवतार माने ।

उनको मृत्युको लगभग आठ सय वर्ष पछि एकजना किरात पंडितले यिनै शिरिजंगाको अवतार हुँ भनी पछि किरात लिपि प्रचार गर्दा सिक्किम देशमा उनी शहिद भए ।

किराती राजा श्री जङ्गा जस्तै वेद पुराणहरुमा पनि आदि शुरुमा ईश्वरले नै ज्ञान, भाषा दिएको वर्णन पाइन्छ जस्तै ऋगवेदको पुरुष सूक्तमा भनिएको छ " कि त्यो परमात्मा बाटै ऋचा, साम छन्द, यजु उत्पन्न भए ।"

हाम्रो भाषा हाम्रो देश

प्रो. चूडानाथ भट्टराय

नेपाली राष्ट्रभाषा छ अरु क्षेत्रीय भाषा हुन् । नेपाली भाषाको प्रसार हुने शक्ति र विकास गर्न पाइने शब्द सम्पति समेत हुँदा यही व्यापक रुपमा फैलियो । नेपाली भाषा संस्कृतको मूल रुपबाट नाम र आख्यातलिदै जन्म्यो हुर्क्यो । संस्कृत यति विशाल भाषा र यसको पाणिनि व्याकरणको वैज्ञानिकताले दुइ हजार धातुबाट उपसर्ग प्रत्यय जोडी ८३ लाख सम्म शब्द बनाएर एकगणित सिद्धान्त प्रतिपादन गरेको "हिन्दुस्तान नामक" पत्रिकामा साथीहरुले देख्नै भएको होला । यति हुनो अक्षयनिधि पाएर नेपाली भाषा हुनो बन्ने सामर्थ्य राख्तछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उता मंगौली भाषाका आधारमा जन्मेका अरू भाषामा संस्कृत शब्द राम्ररी जडिन सक्तैन ।

कुनै इतिहासकारहरू १३ शताब्दी पछि नेपालमा संस्कृतको प्रभाव पऱ्यो भन्ने अडकल गर्दछन् तर विश्वामित्र, पुलह, याज्ञवल्क्य, राजा जनक महात्मा बुद्धको मातृभूमिमा संस्कृतको प्रभाव भारतबाट पर्नु पर्दैन । वृहदारण्यक उपनिषद र याज्ञावल्क्यस्मृति यहीं भए । मानदेवको चाँगुको स्तम्भलेख सम्राट् समुद्र गुप्तको प्रयागको स्तम्भलेख-सित शैली शब्दशय्या र उदात्तकल्पनाले प्रतिस्पर्धा गर्छ । जो अद्यावधि पनि नेपालीको संस्कृतज्ञानको प्रमाण्यले हाँक दिएर उभिएकोछ ।

अर्को नेपालको जातिछ किरातजाति, यिनकोनाम स्मृति, पुराण, महाभारत आदिमा पनि पाउँछौं । यिनिहरू आफ्नो धर्म शैव भनेर घोषित गर्छन् हाम्रा किरातेश्वर र अर्जुनको नेपालमा किरातेश्वरसितको युद्ध र पछि पाशुपतास्त्रप्राप्ति द्वारा यो समर्थन पनि गदछ । आज पनि पूर्वी सभ्यताका स्मृति साकार यिनकै वेषमा हामी अद्यावधि पाउँछौं । यी पूर्वी पहाडमा ऊन् । यिनको भाषा किराती हो । तर त्यसमध्ये विभिन्न जातको विभिन्न भाषा पाइन्छ लिम्बूको भाषा र वान्तवाको, राईको र तामाङको भाषामा विभिन्नता छ । यिनोहरूको मूल ग्रन्थ 'मून्धुम' भन्दछन् । मूलधर्म्मबाट 'मूलधम्म' भएको होकि यो पतो लाग्दैन तर यिनीहरूको पनि प्रणव ॐ प्रत्येक मन्त्रमा लाग्छ मनुको सृष्टिक्रमसित यिनको 'मुन्धुम' को पनि भावमिल्छ।

यसपछि हामीं उपत्यकाका नेवार जातिको प्राशस्त्य पाउछौं । नगरहरू मा व्यापारको दृष्टिले छरिए तर नगरोपकण्ठ अर्थात् काँठमा पर्वते जातिकै बढी वस्तीछ । मल्लराजाहरूका पालामा यहाँ भाषामा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उदारता थियो मैथिली भाषाना समेत राजाहरू कविता गीत रच्तथिए । संस्कृतको कदर थियो । संस्कृतमा नाटक लेख्ने अनेक शास्त्रीय नृत्य लय तालमा आबद्ध गरी प्रदर्शन गर्ने गर्दथे । त्यस परिस्थितिले नेवारे भाषा मङ्गोल र आर्य भाषाको संमिश्रणाको रूपमा देखा पर्दछ । माताब्राट मा, जलबाट ल घटबाट 'ध' चिक्कणबाट 'चिकन इत्यादि देख्ता यसमा संस्कृत प्रशस्त देखिन्छन् फेरि गिन्ती आदिमा मंगोल शब्द आउछन् । क्रियापद संस्कृतको झैं देखिदैन । 'गबाच्च' शब्द बिग्रेर भया र भयाल बन्न गएको पाइन्छ । अब नेवारहरु पनि 'म्ह्रा' भनेको 'केरा' भन्न सक्तैनन नेपालीको केरा शब्द प्रयोगमा ल्याउँछन् । नेपाल राष्ट्रभाषा बनेपछि त यसको खाँची क्षेत्रीय भाषाले पूरा गर्दै आएका छन् । फेरि श्री ५ पृथ्वीनारायण शाहदेवबाट आफ्नो राजधानी सारेर ने काठमाडौं बनाई यहाँका कलाकारलाई प्रोत्साहन दिएर वसन्तपुर दरबारमा विलास मन्दिरको निर्माण नेपालकै कलाको विकास गराएर बनाइयो । अनि चोटा, मटान, बुइगल, विनाबि, हिग्वे इत्यादि कति कति शब्द नेपाली भाषाको विकासमा यस नेवारीले दियो ।

यिनीहरुको भाषा मंगोली नभएर हिन्दी संस्कृत निष्ठ नै प्रायः देखिन्छ । धिमाल भाषा यता नेपाली कै अपभ्रंश भने पनि भिन्न जाला जस्तोछ ।

सारा राष्ट्रले एक राष्ट्रभाषा मान्नैपर्छ राष्ट्रको प्राण राष्ट्रभाषा अङ्गी हो अरू अङ्ग । आफ्ना अङ्गको विकास नगरी अङ्गी विकसित हुँदैन । अतः अङ्गले अङ्गीसित मेल गरेर मात्र सबैको विकास सम्भव छ । सबै आफ्ना आफ्ना स्थानमा रही उपयोगिता सिद्ध गर्न सक्तछन् तर जीवन राष्ट्रको नेपाली भाषामै छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रो शिक्षाको माध्यम

ले. एक जीवन या

बिदेशीभाषाबाट बिज्ञानको शिक्षा दिने प्रणाली हाम्रो लागि घातक छ यही दृष्टिमा नै पनि यो कुरा स्पष्ट भइसकेकोछ। यसबाट हुने अरू हानिको त नाम नै पनि उल्लेख नगरौं—मुटु फुट्दछ! अब आफ्नै भाषाको माध्यमबाट राष्ट्रिय—शिक्षा—प्रणालीलाई अगि बढाउन सकेके, तो सबै त्रुटि त हराई हाल्छन्। विज्ञानको शिक्षणले दरो जरो हाल्छ तब नै, हाम्रो विकासको अभियान तब नै सक्रिय र सफल हुन सक्छ।

मस्तिष्क दासहरुले सदा यो प्रश्न उठाएका छन्। तर रूप, जापान आदि र साना साना अरू देश पनि यसरी नै अगि बढेर सफल मात्र होइन, कतिपय क्षेत्रमा सर्वाधिक उन्नत देखिई सकेका छन्। अतः हामीले अतीतबाट शिक्षा लिदै आफ्ना भाषाहरुमा वैज्ञानिक तथ्यका मौलिक पुस्तकहरु लेख्ने र अनुवादको राम्रो व्यवस्था गर्ने काम तुरुन्तै गर्नु पर्दछ। भाषाको शब्दसंपत्ति प्राविधिक शब्दको दृष्टिले पनि भाषा सम्राट् संस्कृतको मद्दतले (हाम्रो साबिक परपरा भैं) हामीलाई हाम्रो भाषामा अपुग छैन। यहाँ आवश्यक छ केवल भावना र कडा श्रमको औचित्य। आज नेपालको एक मुख्यतम आवश्यकता छ—आफ्नै भाषामा विज्ञानको शिक्षाको तुरुन्त प्रबन्ध हुनु। यसो नगरी विज्ञान विकने दिशाका अरु हाम्रा कदमहरु केवल भ्रम—नगरौंका मूर्खतापूर्ण उपक्रमहरु साबित हुने छन्।

आज हामी नेपालीहरुमा राष्ट्रियता, संस्कृति, ज्ञान, मानवता र प्रगतिको संवर्धन गर्ने ठूलो जोश र उत्साह बढ्दो छ। यो खुशीको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कुरा हो तर जीवनको प्रथम चरणदेखि शुरु हुने शिक्षाको बाटोमा विदेशी भाषाको खाध्यमबाट अर्कै संस्कार र जटिलताहरु आए भने, त्यो हाम्रो ठूलो धरोहरको कुरा हुने छ। दिमागी–दासतको विषफलले हाम्रो आत्मा, बुद्धि, ज्ञान, हृदय, संस्कार र भावना र सर्वस्व धमिलिन असंभव हुने छैन।

अंग्रेजी भाषा नै, विश्वविज्ञान–स्रोतको त कुरा टाढै रहोस्, विज्ञानका प्राथमिक पहलुहरुकै दृष्टिले पनि स्वतः पूर्ण छैन। त्यहाँ मूल ग्रीक र ल्याटिन चिन्तनसंग संबद्ध भएको कुरा विज्ञानविदहरुलाई ज्ञात नै छ। भाषा सिक्न नाहक समयको–खर्च र विदेशी भाषाको माध्यमबाट शिक्षा दिंदा हुने काठिन्यले गर्दा नेपाली युवा विज्ञानको अंग्रेजहरुको भाषामा आधारित शिक्षा–पद्धतिबाट लाभान्वित हुन नसक्दा राष्ट्रिय दृष्टिबाट हामीले ठूलो हानि उठाउनु परेको छ। 'माष्टर अफ् साइन्स' उपाधि प्राप्त नेपाली तरुणहरु व्यक्तिगत हैसीयतको त कुरा नै छोडौं, सरकारी तबरबाट पनि विदेशमा गई अध्ययनको राम्रो अवसर पाउन सक्ने स्थितिमा छैनन्। रुसी जापानी वा अन्य महत्तमा यदि तिनले विज्ञानको उच्च शिक्षाको मौका पाए मने स्थानीय भाषा सिक्न उनीहरुसाई त्यत्तिकै कठिन बन्दछ। यसरी अंग्रेजी भाषा त हाम्रो राष्ट्रियतामा (यदयपि यो अनुदार होइन) आघात पुऱ्याउन यो दृष्टिले पनि सफल भएको पाइन्छ।

कुनै पनि देशका नागरिक अयोग्य भए त्यहाँ योग्य अन्यत्रका नागरिक ल्याई काम चलाइन्न। कुनै देश सर्व–संपन्न नभए अर्को देश लिई काम चलाइन्न। तब भाषामा यो परिवर्तन किन? यहाँका जन–जनको संस्कार विपरीत भाषाबाट यो राष्ट्रिय दायित्व पूर्ण गर्ने दुरभिसन्धि किन? हामीले अंग्रेजहरुकै भाषामा मगज रगड्न लागेको पनि एक पीढी त हुन लाग्यो। तर यो समयमा आफ्नो भाषालाई संपन्न पार्ने प्रयास खोई? यस दिशामा देशको विचारक र संरक्षकहरुको ध्यान किन् गएन?

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुद्रकः— अन्नपूर्णा-प्रेस असन, काठमाण्डू ।

Jayatu Sanskritam, Kathmandu, Nepal